# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ४२ पूर्णाङ्क ९१ | २०७५ वैशाख १० गते सोमबार | Monday, April 23, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी ट्रेड यूनियन महासंघको अपील

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को मजदुर संगठन अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघले १२९ औं अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा एक सार्वजनिक अपील जारी गरेको छ । महासंघको केन्द्रीय समितिले 'उदारीकरणका नाममा बनेका श्रमिक विरोधी कानुनको विरोध गरौँ ! तलव वृद्धि, रोजगारीको सुनिश्चितता लगायत मौलिक हकका लागि संघर्ष गरौँ !!' शीर्षकमा जारी गरेको अपीलमा श्रमिक वर्गले न्यूनतम सरकारी सहायक सरह रु. १८,०००।- (अठार हजार) तलव, स्थायीको सुनिश्चितता, संगठित र सौदाबाजीको हक लगायतका आधारभूत अधिकारकाका साथै विद्यमान विभेदकारी राजनैतिक व्यवस्थाको विकल्पमा राष्ट्रिय स्वाधीनतासहितको जनवादी राजनैतिक व्यवस्था स्थापना गर्ने राजनैतिक लक्ष्यसहित क्रान्तिकारी मजदुर आन्दोलनको विकास गर्न जरुरी भएको कुरा उल्लेख गरिएको छ ।

**यस्तो छ अपीलको पूर्णपाठः**

*'उदारीकरणका नाममा...**बाँकी ८ पेजमा*

# लेनिनका योगदानहरूको अध्ययन गरौं !

## 'संसदीय व्यवस्था स्वीकार गर्नेहरू लेनिनवादी पनि होइनन्'



**● वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले लेनिन जयन्ती तथा पार्टी स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै नेपालमा नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्नका लागि लेनिन, अक्टोबर क्रान्ति र लेनिनले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा गरेको योगदानका विषयमा गहन अध्ययन गर्न आवश्यक रहेको विचार व्यक्त गर्नुभएको छ ।

संसदीय व्यवस्थालाई क्रान्तिको हितमा उपयोग गर्न सकिने भए पनि क्रान्तिलाई परित्याग गरी संसदीय व्यवस्थालाई नै रणनीतिक रूपमा स्वीकार गर्नेहरू कम्युनिष्ट हुन नसक्ने र तिनीहरू लेनिनवादी पनि हुन...*बाँकी ८ पेजमा*

## लेनिन जयन्तीको अवसरमा क्रान्तिकारी माओवादीले जारी गरेको वक्तव्य

काठमाडौं । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका महान नेता लेनिनको जन्मदिवस तथा कम्युनिष्ट पार्टीको स्थापना दिवसको अवसरमा नेकपा (क्रान्तिकारी माओवादी)ले एक वक्तव्य जारी गर्दै क्रान्तिकारी कम्युनिस्ट समूह तथा व्यक्तित्वहरूलाई एकताबद्ध भई दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्ग सहित साम्राज्यवादी तथा विस्तारवादी उत्पीडनका विरुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्न विशेष अपील गरिएको छ ।

पार्टी महासचिव मोहन वैद्य'किरण'ले जारी गरेको वक्तव्यमा भनिएको छ, 'यस ऐतिहासिक अवसरमा हाम्रो पार्टी नेपाली कम्युनिष्ट आन्दोलनमा विद्यमान दक्षिणपन्थी संशोधनवादको विरोध गर्दै क्रान्तिकारी कम्युनिस्ट समूह तथा व्यक्तित्वहरूलाई एकताबद्ध भई दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्ग सहित साम्राज्यवादी तथा विस्तारवादी उत्पीडनका विरुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्न विशेष अपील गर्दछ ।'

*...बाँकी ८ पेजमा*

## पार्टी स्थापना दिवस तथा लेनिन जयन्तीमा ठाउँ ठाउँमा कार्यक्रम

काठमाडौं । वैशाख ९ गते अर्थात् अप्रिल २२ । विश्व सर्वहारावर्गका महान नेता भिआइ लेनिनको जन्म दिन । आजैका दिन नेपालमा 'नेपाल कम्युनिस्ट पार्टी'को स्थापना भएको थियो । नेपालका कम्युनिष्ट पार्टीहरूले यस दिन पार्टी स्थापना दिवस पनि मनाउने गरेका छन् ।

लेनिनको विश्व कम्युनिस्ट आन्दोलनमा मात्र नभएर मार्क्सवादको प्रयोग र विकासमा अद्वितीय योगदान रहेको छ । त्यसैले लेनिनलाई विश्व सर्वहारावर्गको एक महान नेताको रूपमा विश्वभरका कम्युनिष्ट पार्टीका नेता कार्यकर्ताहरूले विभिन्न कार्यक्रम गरी सम्झने गर्दछन् । लेनिन जयन्तीकै अवसर पारेर नेकपा (क्रान्तिकारी माओवादी)ले पार्टी कार्यालय बुद्धनगरमा एक वशेष कार्यक्रमको आयोजना...*बाँकी ६ पेजमा*

## माकेका केस र प्रदेश सदस्य क्रान्तिकारी माओवादीमा ध्रुवीकृत

कञ्चनपुर । नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य सिपी जोशी र प्रदेश सदस्य आरसी पाण्डे नेकपा (क्रान्तिकारी माओवादी)मा ध्रुवीकृत हुनुभएको छ । उहाँहरूलाई क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता प्रतीक र पार्टी पिविएम तथा ७ नं. प्रदेश सचिव अटलले अवीर लगाएर पार्टीमा स्वागत गर्नुभएको थियो ।

जोशी र पाण्डेले एक वक्तव्य जारी गर्दै प्रचण्ड गुटमा गएर मातृका यादवले पार्टी विलय गराएको, प्रचण्डसँग आत्मसमर्पण गरेको र प्रचण्ड नेतृत्वको पार्टी संसदीय भासमा जाकिदै प्रतिक्रियावादमा पतन हुन पुगेकोले नयाँ जनवादी क्रान्ति गर्ने एक मात्र पार्टी क्रान्तिकारी माओवादीमा ध्रुवीकृत हुन आइपुगेको जनाउनु भएको छ ।...*बाँकी ६ पेजमा*

## युवा मार्चपास १४ वैशाखमा हुने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिगको ३ नं. प्रदेशले अप्रिल २२ मा गर्ने भनेको युवा मार्चपास बैशाख १४ गते गर्ने भएको छ । मार्चपासलाई व्यापक र प्रभावकारी बनाउन घनिभूत तयारी भइरहेको क्रान्तिकारी युवा लिगले जनाएको छ । क्रान्तिकारी युवा लिगले १४ बैशाखमा काठमाडौंको सडकमा हजारौं युवाहरूलाई ड्रेससहित उतार्ने तयारी गरिरहेको छ ।

### फासीवादी निर्णय सच्याउन क्रान्तिकारी माओवादी काठमाडौंको माग

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौंले नेपाल सरकारको गृह मन्त्रालयले शान्ति सुरक्षाको नाममा काठमाडौंका सातवटा...*बाँकी ६ पेजमा*

## देजमो ५ नं. को भेला सम्पन्न अध्यक्षमा गुरुङ, सचिवमा शाह निर्वाचित



बुटवल । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको ५ नं. को अध्यक्षमा केवी गुरुङ र कुमार शाह निर्वाचित हुनु भएको छ । मोर्चाको शुक्रबार बुटवलमा सम्पन्न प्रदेश नं ५ को दोस्रो प्रदेश भेलाले नयाँ नेतृत्व चयन गरेको हो ।

*...बाँकी ६ पेजमा*

## 'ओलीको राष्ट्रवाद घोप्टिसक्यो'

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले प्रधानमन्त्रीको रूपमा दिल्ली भ्रमणमा गएर आइसकेपछि एमालेका अध्यक्ष समेत रहेका केपी ओली मोदीको क्याम्पमा गइसकेको, ओलीलाई मोदीले आफ्नो बनाइसकेको र उनको राष्ट्रवाद घोप्टिसकेको दावी गर्नुभएको भएको छ । नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल), नेकपा (विप्लव) र नेकपा (ऋषि कट्टेल)ले संयुक्त रूपमा आयोजना गरेको अन्तर्क्रियालाई सम्बोधन गर्दै अध्यक्ष गजुरेलले यस्तो भन्नुभएको हो ।



'भारतसँग असमान सन्धि सम्झौता र राष्ट्रियताको प्रश्न' विषयक अन्तर्क्रिया कार्यक्रममा कार्यक्रममा नेता गजुरेलले ओलीले कुनै सन्धिसम्झौता नै गर्नु थिएन भने दिल्ली किन गएका थिए भन्ने प्रश्न गर्दै उनी भारत जानुको कारण आफूलाई भारत निकट नै भएको आश्वस्त पार्न गएको दावी गर्नुभयो ।

'ओली भारत...*बाँकी ६ पेजमा*

## नेपाल आउनुअघि मोदीले चीनको भ्रमण गर्ने



काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अप्रिल २७ र २८ मा चीनको भ्रमण गर्ने भएका छन् । वुहान सहरमा मोदीले चिनियाँ राष्ट्रपति सी जिनपिङसँग शिखरवार्ता गर्ने समाचार माध्यमहरूले जनाएका छन् । मोदी मे महिनाको ११ तारिखमा नेपाल आउने बताइएको छ ।

बेइजिङ पुगेकी भारतीय विदेशमन्त्री सुष्मा स्वराज र चिनियाँ विदेशमन्त्री वाङ यीबीचको भेटपछि मोदीको चीन भ्रमण तय गरिएको हो । सी र मोदीबीच दुई दिन द्विपक्षीय सम्बन्ध सुधार गर्न वार्ता हुने जनाइएको छ ।

सी र मोदीबीच अनौपचारिक शिखरवार्ता हुने र उनीहरूले दुई देशबीच रहेको पुराना विवाद र मतभेदलाई अन्त्य गर्न प्रयास गर्ने समाचार एजेन्सीहरूले जनाएका छन् । मोदी सन् २०१४ मा भारतको प्रधानमन्त्री बनेयता यो उनको चौथो चीन भ्रमण हुनेछ ।

यसैबीच चीनले नेपालबाट निर्यात हुने कृषिजन्य वस्तुको सूची माग गरेको छ । उक्त वस्तुहरूको सूची चिनियाँ कृषि मन्त्रालयलाई उपलब्ध गराइदिन चीनले आग्रह गरेको छ ।

चीनको ल्हासास्थित नेपाली महावाणिज्य...*बाँकी ६ पेजमा*

## नेपाली कम्युनिष्ट आन्दोलनको सिंहावलोकन

*(२०७४ असोज २२ देखि २६ गतेसम्म सञ्चालित राष्ट्रिय सम्मेलनबाट पारित दस्तावेजको अंश)*

१ रुसको समाजवादी क्रान्ति, चीनको नयाँ जनवादी क्रान्ति तथा भारतको तेलंगनामा सशस्त्र संघर्षको प्रभाव र नेपाली क्रान्तिको ऐतिहासिक आवश्यकताका बीचबाट २००६ साल वैशाख १० गते अर्थात् २२ अप्रिल १९४९ मा नेपालमा क.पुष्पलालको नेतृत्वमा कम्युनिष्ट पार्टीको स्थापना भयो । सेप्टेम्बर १९४९ मा पार्टीको पहिलो घोषणापत्र प्रकाशित गरियो । कम्युनिष्ट पार्टी स्थापनाको यस ऐतिहासिक अवसरलाई हामीले एक युगान्तकारी परिघटनाका रूपमा ग्रहण गर्नु पर्दछ ।

२. त्यो बेला नेपाली समाजको स्वरूपलाई अर्धसामन्ती तथा अर्धऔपनिवेशिक मान्दै नेपालमा सामन्तवाद, साम्राज्यवाद तथा भारतीय एकाधिकारवादका विरुद्ध लोक-गणतान्त्रिक राज्यसत्ताको स्थापना गर्नुपर्ने कुरा बताइएको थियो ।

### दस्तावेज



२००८ सालको राष्ट्रिय सम्मेलनमा क.पुष्पलालको नेतृत्वमा नयाँ जनवादी कार्यक्रमका रूपमा स्पष्टतः पार्टीको आधारभूत कार्यक्रम बनाइयो । यो महत्वपूर्ण ऐतिहासिक कदम थियो ।

३. २०१० सालमा पार्टीको पहिलो महाधिवेशन सम्पन्न भयो । महाधिवेशनमा नयाँ जनवादी कार्यक्रमलाई हटाई संसदवादी तथा सुधारवादी कार्यक्रम पारित गरियो । महाधिवेशनमा मनमोहन अधिकारीलाई महासचिव बनाइयो । यहींबाट पार्टीमा दक्षिणपन्थी संशोधनवादको थालनी भयो । यसैबीच पार्टीमा प्रतिबन्ध लाग्यो र २०१३ सालमा मनमोहनको नेतृत्वमा राजाको वैज्ञानिक नायकत्वलाई अँगीकार गरी पार्टीमाथिको प्रतिबन्ध हटाउने काम गरियो । यहींबाट विधिवत् रूपमा पार्टीमा दक्षिणपन्थी अवसरवादी धारा...*बाँकी ७ पेजमा*

## सम्पादकीय

# लेनिन र पार्टी स्थापना दिवस

नेकपा (क्रान्तिकारी माआवादी) लगायत कम्युनिष्ट पार्टीहरूले २२ अप्रिल अर्थात् बैसाख ९ गते अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका एक महान नेता लेनिनको जन्म दिवसका साथै नेपाल कम्युनिस्ट पार्टीको स्थापना दिवस मनाएका छन् । महान् लेनिनले रुसी धर्तीमा मार्क्सवादको प्रयोग र समाजवादी क्रान्ति सम्पन्न गर्नका लागि सफल नेतृत्व प्रदान गरी विश्वमा नयाँ सन्देश दिन र विश्व सर्वहारा वर्गको पथप्रदर्शक सिद्धान्तलाई मार्क्सवाद-लेनिनवादका रूपमा विकसित तुल्याउन उल्लेखनीय योगदान गर्नु भएको थियो । ठीक लेनिनको जन्मदिवसकै दिन २००६ सालमा क.पुष्पलालको नेतृत्वमा नेपालमा कम्युनिस्ट पार्टीको स्थापना भएको थियो ।

यो ऐतिहासिक दिनमा महान् लेनिनको विशेष संस्मरण तथा सम्मानका साथै पार्टी स्थापना दिवसको विशेष संस्मरण गर्दै नेपाली क्रान्तिकारी कम्युनिस्ट आन्दोलन, जनवादी क्रान्ति, जनयुद्ध र जनआन्दोलनमा त्याग, वीरता र बलिदान गर्ने सम्पूर्ण जनसमुदाय र कमरेडहरूप्रति क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य‘किरण’ले एक सार्वजनिक वक्तव्य जारी गरी हार्दिक अभिवादन ब्यक्त गर्नुभएको छ ।

यस ऐतिहासिक अवसरमा क्रान्तिकारी माओवादीले नेपाली कम्युनिष्ट आन्दोलनमा विद्यमान दक्षिणपन्थी संशोधनवादको विरोध गर्दै क्रान्तिकारी कम्युनिस्ट समूह तथा व्यक्तित्वहरूलाई एकताबद्ध भई दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्ग सहित साम्राज्यवादी तथा विस्तारवादी उत्पीडनका विरुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्न विशेष अपील समेत गरेको छ ।

लेनिनको विश्व कम्युनिस्ट आन्दोलनमा मात्र नभएर मार्क्सवादको प्रयोग र विकासमा अद्वितीय योगदान रहेको छ । त्यसैले लेनिनलाई विश्व सर्वहारावर्गको एक महान नेताको रूपमा विश्वभरका कम्युनिष्ट पार्टीका नेता कार्यकर्ताहरूले विभिन्न कार्यक्रम गरी सम्झने गर्दछन् । लेनिन जयन्तीकै अवसर पारेर नेकपा (क्रान्तिकारी माओवादी)ले पार्टी कार्यालय बुद्धनगरमा एक वशेष कार्यक्रमको आयोजना गऱ्यो ।

सन् १८७० अप्रिल २२ का दिन रुसको सिम्बिर्स्कमा जन्मनुभएका लेनिनले सन् १८९२ देखि नमरुन्जेलसम्म आफ्नो जीवनको सम्पूर्ण समय कम्युनिस्ट क्रान्तिकारी सङ्घर्षमा लगाउनुभयो । लेनिनले मार्क्सवादको सही प्रयोग मात्र गर्नुभएन, मार्क्सवादका ३ सङ्घटक अङ्गहरूमा विकास गरेर मार्क्सवाद-लेनिनवादको प्रतिपादन समेत गर्नुभयो ।

लेनिनले क्रान्तिकारी कम्युनिस्ट पार्टीका बारेमा नै नयाँ अवधारणा निर्माण गर्नुभएको थियो । यस्तो खालको सङ्गठनात्मक पद्धतिलाई लेनिनवादी पद्धति भनिन्छ । त्यसलाई नयाँ ढङ्गको पार्टी पनि भनिन्छ । लेनिनले आफ्नो पालामा कम्युनिस्ट आन्दोलनको कार्यभारलाई समाल्दै रुसी समाज र विश्वको अध्ययन मसिनो गरी गर्नुभयो । उहाँले आविष्कार गरेका कैयौं विषयहरूमध्ये कम्युनिस्ट पार्टीको साङ्गठनिक पद्धति हो । अहिलेसम्म लेनिनवादी सङ्गठनात्मक पद्धतिभन्दा नयाँ र वैज्ञानिक पद्धतिको विकास भएको छैन । त्यसैले लेनिनको सङ्गठनात्मक पद्धतिको खोज पनि एउटा महत्वपूर्ण योगदान हो ।

लेनिनले मार्क्सपछि अर्थशास्त्रमा नयाँ खोज गर्नुभयो । एकाधिकार पुँजीवादको व्याख्या गर्नुभयो । राजनीतिलाई अर्थतन्त्रको केन्द्रीय अभिव्यक्तिका रूपमा परिभाषित गर्नुभयो । साम्राज्यवादीहरूले आफ्नो सङ्कट र अन्तरविरोधलाई हल गर्न एकाधिकार पुँजीवादी नीति अवलम्बन गर्न पुगेका थिए । जसलाई लेनिनले सन् १९०० देखि प्रतिस्पर्धात्मक पुँजीवाद एकाधिकार पुँजीवादमा बदलिएको विश्लेषण गर्नुभयो । त्यसको १० वर्षपछि लेनिनले साम्राज्यवादबारे खोज गर्नुभयो । उहाँले ‘साम्राज्यवाद भनेको पुँजीवादको विकसित र मरणासन्न अवस्था’ रहेको पत्ता लगाउनुभयो । अहिले पनि विश्वको उत्पीडनको आधार साम्राज्यवादी नै रहेको छ ।

यस अवसरमा क्रान्तिकारी कम्युनिष्टहरूले मार्क्सवादका तीन संघटक अंग दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको क्षेत्रमा गरेको योगदानको सघन अध्ययन र गहन विमर्श चलाउन जरुरी छ । र, चौतर्फीरूपमा प्रतिक्रियावाद र अवसरवादको घेराबन्दी कसिएको बेला मार्क्स, लेनिन र माओले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा गरेका योगदानहरूको अध्ययनले दिमागहरूलाई स्पातिलो नबनाइकन यो घेराबन्दी तोड्न सकिन्न । त्यसैले महासचिव किरणले लेनिनले गरेका योगदानहरूको गहन अध्ययनका लागि कम्युनिष्ट क्रान्तिकारीहरूलाई विशेष अपील गर्नुभएको छ ।


परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# पार्टी संगठनबारे लेनिनका विचारहरू



● कृष्णदास श्रेष्ठ ●

'हामीलाई एउटा क्रान्तिकारी संगठन देऊ, हामी रूसलाई पल्टाइदिन्छौं ।
-लेनिन



मार्क्स र ऐंगेल्सले विश्व सर्वहारावर्ग र अन्य श्रमिक जनताको मुक्तिको लागि त्यसको संघर्षको बाटोलाई आलोकित गर्ने क्रान्तिकारी सिद्धान्तको प्रतिपादन गरे, जसलाई मार्क्सवाद मानिएको छ । उक्त सिद्धान्तको एउटा प्रमुख प्रस्थापना के छ भने सर्वहारावर्गको मुक्तिको लागि त्यसको आफ्नो स्वाधीन पार्टीको ठूलो आवश्यकता छ । मार्क्सवादका प्रवर्तकहरूले आफ्नो समयको परिस्थितिको सन्दर्भमा क्रान्तिकारी सर्वहारा पार्टीको स्वरूप र कार्यबारे विचारहरूको प्रतिपादन पनि गरे । १८४७ मा उनीहरूद्वारा संस्थापित कम्युनिष्ट लीग सर्वहारावर्गको पार्टीको पहिलो नमुना थियो ।

पछि, लेनिनले सर्वहारा पार्टी सम्वन्धी मार्क्स र ऐंगेल्सका विचारहरूलाई विकसित गरेर त्यससम्बन्धी महत्वपूर्ण विचारहरूको निर्माण गरे । त्यसका साथै, उनले एउटा नयाँ खालको पार्टीको संस्थापन पनि गरे, जुन बोल्शेभिक पार्टीको नाउँबाट विश्व प्रसिद्ध रह्यो । सोही पार्टीको नेतृत्वमा १९१७ को महान् अक्टोबर समाजवादी क्रान्ति सफलताका साथ सम्पन्न भयो । र, विश्वमा पहिलो सर्वहारावर्गीय राज्यसत्ताको सिर्जना गरियो र साथै विश्वमा पहिलो समाजवादी समाजको निर्माण पनि गरियो । लेनिनद्वारा संस्थापित उक्त बोल्शेभिक पार्टी त्यस बेलादेखिन् संसारभरका क्रान्तिकारी कम्युनिष्टहरूका लागि आ-आफ्नो मुलुकमा सर्वहारा पार्टीको निर्माणको निम्ति एउटा आदर्श, नमुना रहेर आएको छ र पार्टीसम्बन्धी लेनिनका शिक्षाहरू पार्टी निर्माणका लागि निर्देशन रहेका छन् ।

त्यस सम्बन्धमा लेनिनका शिक्षाहरूको महत्वका बारेमा जर्मन लेखक अल्फ्रेड कुरेल्लाको सहयोगमा फ्रान्सेली लेखक हेनरी बार्नुस्सेद्वारा लिखित एउटा लेखमा निम्नि विचार व्यक्त गरेका छन् ।

“बोल्शेभिक पार्टीको संस्थापन र निर्माणको लागि लेनिनले जे जति गरे त्यसको अर्थलाई बुझ्ने हो भने, हामीले पार्टीसम्बन्धी उनका शिक्षाहरूको राम्रो समझदारी हासिल गर्नुपर्छ” यस क्षेत्रमा लेनिनका बहुपक्षीय तथा घनिभूत सबै कृयाकलापहरूका, कुनै पुस्तिकाको ढुवानीको संगठन गर्ने वा रुसी सिमानापारी अखबार निकाल्ने कामदेखि विरोधीहरूसित तीव्र विवादमा लाग्ने, र पार्टी कार्यक्रम वा नियमविपरीत विचार प्रचार वा काम गर्ने पार्टी सदस्यहरू विरुद्ध अनुशासनिक कारबाही गर्ने सम्मका उनका कृयाकलापमा उनको दूरदर्शी अपूर्व प्रतिभा व्यक्त भएको छ ।

“बोल्शेभिक पार्टी भनेको एउटा यस्तो जीव तत्व हो, जसमा पेशेवर क्रान्तिकारीले, समाजवादी भविष्यका मानिसहरूको आदर्श नमुनाले नयाँ सामाजिक व्यवस्थाको निमार्ण गर्ने वस्तुगत रूपले जिम्मेवारी बोकेका तर सो उदेश्यप्रति मनोगत रूपले अझसम्म सजग नरहेका शोषित जनतासित, करोडौं जनतासित आफ्नो भाग्यलाई गाँसिदिन्छ । ...बोल्शेभिक पार्टीको संस्थापनसँगै ‘राजनीति’ बरारिएको जालझेल र चुनावी षड्यन्त्रको धरापबाट बाहिर निस्केको छ, र त्यो मानिसको सामाजिक कृयाकलापको सबभन्दा उच्च, सबभन्दा शुद्ध र सबभन्दा उदात्त रूप बनेको छ ।”१

पार्टी संगठनसम्बन्धी लेनिनका विचारहरू उनको महान् योगदानहरू एउटा प्रमुख पक्ष हुन् । त्यसबारे यहाँ हामी सारगत रूपमा चर्चा गर्नेछौं । र, उनकै भनाइहरूको आधारमा त्यसलाई स्पष्ट पार्ने प्रयास गर्नेछौं ।

कम्युनिष्ट पार्टी भनेको सर्वहारावर्गको राजनीतिक नामाकरण हो, अर्थात् सो पार्टी सर्वहारावर्गको राजनीतिक रूपले प्रतिनिधित्व गर्ने संस्था हो । वर्तमान युगमा इतिहासले सर्वहारावर्गको काँधमा एउटा ठूलो जिम्मेवारी, ठूलो अभिभारा हालिदिएको छ, र त्यो पुँजीवादी समाजको लाशमा एउटा नयाँ वर्गहीन, कम्युनिष्ट समाजको निर्माण गर्ने अभिभारा हो । कम्युनिष्ट पार्टीको प्रमुख कार्य उक्त अभिभारा पुरा गर्ने सर्वहारावर्ग तथा अन्य श्रमिक जनताको संघर्षमा अगुवाको भूमिका खेल्नु हो । सर्वहारावर्गका आफ्ना विभिन्न संगठन हुन्छन्, जस्तो कि मजदूर संघ, विभिन्न खालका सहकारी संघ आदि । तर, पुँजीपतिवर्गको वर्गको हातबाट सत्ता खोसेर लिन र नयाँ समाजको निर्माण गर्न त्यसको लागि त्यसको आफ्नो राजनीतिक पार्टी हुनुपर्छ, र त्यो पार्टी भनेको क्रान्तिकारी सिद्धान्तको निर्देशनमा हिड्ने/चल्नेका कम्युनिष्ट पार्टी हो । यस संगठनले मात्र त्यसलाई त्यसको अभिभारा पुरा गर्नमा हतियारको काम गर्न सक्छ । लेनिनले लेखेका छन् : “सत्ता प्राप्त गर्ने संघर्षमा सर्वहारासित संगठन सिवाय अर्को कुनै हतियार छैन । पुँजीवादी जगतमा अराजक होडबाजीको शासनबाट छिन्नभिन्न रहेको, पुँजीको निमित्त वाध्य भएर गरिने मेहनतबाट थिचिएको बेहद अभाव, बर्बरता, पतनको गहिरो खाल्डोमा जाकिएको सर्वहारावर्ग तब मात्र एउटा अजेय शक्ति बन्न सक्छ र अनिवार्य रूपमा बन्नेछ, जब मार्क्सवादका सिद्धान्तहरूको आधारमा हुने त्यसको विचारधारात्मक एकतालाई संगठनको भौतिक एकताद्वारा दरिलो बनाइनेछ । यस संगठनले लाखौं लाख श्रमिकहरूलाई मजदूर सेनामा एकगठ पार्नेछ । यस सेनाको सामु न रसियाली जारशाहीको थोत्रिसकेको शासन टिक्न सक्छ न अन्तर्राष्ट्रिय पुँजीको जीर्ण शासन नै टिक्न सक्छ ।”२

एक सच्चा कम्युनिष्ट पार्टी सर्वहारावर्गको सबभन्दा अगुवा दस्ता, त्यसको राजनीतिक दृष्टिले सबभन्दा सचेत दस्ता हो । यसको प्रमुख भूमिका सर्वहारा क्रान्तिलाई दिशानिर्देश गर्नु र सफलतापूर्वक त्यसको नेतृत्व गर्नु हो । त्यसले सो भूमिका सफलताका साथ पुरा गर्न सक्छ कि सक्दैन भन्ने कुरा त्यो कतिसम्म सुसंगठित छ भन्नेमा निर्भर गर्छ । त्यसको अर्थ हो पार्टी सांगठनिक रूपले सुदृढ र सवल हुनु जरुरी छ । लेनिनले यस्तो संगठनको महत्वलाई निम्न रूपमा दर्शाएका छन् : “पार्टी भनेको वर्गको राजनीतिक रूपले सचेत, अघि बढेको अंग हो । यो त्यसको अगुवा हो । उक्त अगुवाको तागत त्यसको संख्या भन्दा दश दोब्बरले, सय दोब्बरले, सय दोब्बरभन्दा बढी हुन्छ ।”

“ के त्यसो हुन संभव छ ? के सयजनाको तागत हजारजनाको तागतभन्दा ठूलो हुन सक्छ ?

“संगठनले तागतलाई दश दोब्बर बढाइदिन्छ । ”३ सर्वहारावर्गको मुक्ति आन्दोलनलाई ठीक ढंगले संचालन गर्न र अघि बढाउन त्यसको प्रतिनिधित्व गर्ने क्रान्तिकारी पार्टी आवश्यक र अपरिहार्य छ भन्ने कुरामा लेनिनले जोड दिएका छन् । त्यस्तो पार्टीको नेतृत्वमा मात्र सो आन्दोलन ठीक बाटोमा लाग्न सक्छ भन्ने कुरालाई उनले निम्न रूपमा देखाएका छन् :

“....आन्दोलनलाई स्थायित्व प्रदान गर्नका लागि र विचारहीन हमला गर्ने संभावनाबाट त्यसलाई जोगाउनका लागि एउटा बलियो क्रान्तिकारी संगठनको आवश्यकता छ । यथार्थमा वर्तमान समयमा, जब त्यस्तो संगठन अझसम्म अस्तित्वमा रहेको छैन र जब क्रान्तिकारी आन्दोलन छिटोसित र स्वतःस्फुर्त रूपले बढिरहेको छ, दासी दुईटा विरोधी अतिशयाहरू (जुन, आशा गरिएजस्तै, मिल्छन्) अहिले नै देख्छौं । ती हुन्, एकदमै अस्वस्थ अर्थवाद र नरम विचारको वकालत र त्यतिनै अस्वस्थ उत्तेजनात्मक आतंक...... एउटा यस्तो केन्द्रीकृत लडाकु संगठनले मात्र, जसले सुसंगत ढंगबाट सामाजिक जनवादी नीतिलाई कार्यान्वित गर्छ र जसले भनूँ कि, सारा क्रान्तिकारी अन्तःप्रेरणा र प्रयासलाई पुरा गर्छ, त्यस्तो संगठनले मात्र विचारहीन हमला गर्ने कुराबाट आन्दोलनलाई जोगाउन सक्छ र सफलताको आश्वासन बोकेका हमलाहरूको तयारी गर्न सक्छ ।”४

सर्वहारावर्गको ऐतहासिक अभिभारा पुरा गर्न समाजको क्रान्तिकारी रूपान्तरण गर्न सामर्थ्यवान बन्नका लागि पार्टी सच्चा क्रान्तिकारीहरूको दस्ता बन्नुपर्छ । यस्तो दस्ता बन्नुपर्छ, जो आम श्रमिक जनताको मुक्तिको लागि र कम्युनिष्ट सिद्धान्तको आधारमा समाजलाई फेर्नका लागि निस्वार्थ र समर्पित भएर लड्ने योद्धा रहन्छन् । लेनिनको विचारमा पार्टी यो काम राम्ररी गर्न सक्नेछ । “यदि त्यो क्रान्तिकारी वर्गको सच्चा अग्रणी रहन्छ भने, यदि त्यो साँच्चिकै उक्त वर्गका अधिकतम राम्रा प्रतिनिधिहरू रहेका हुन्छन् भने यदि त्यो पुरै सचेत र दह्रो कम्युनिष्टहरूले बनेको हुन्छ भने ।”५ सच्चा सर्वहारा क्रान्तिकारीहरूको पार्टीले मात्र श्रमिक जनताको मुक्ति संघर्षमा तिनीहरूलाई पुरा योग्यता र क्षमताका साथ नेतृत्व गर्न सक्नेछ भन्ने कुरामा जोड दिई लेनिनले निम्न विचार व्यक्त गरेका छन् :

“हाम्रो आन्दोलनबाट सक्रिय कार्यकर्ताहरूका लागि एकमात्र गंभीर संगठनात्मक सिद्धान्त, कठोरतम गोप्यता, सदस्यहरूको कठोरतम छनौट र पेशेवर क्रान्तिकारीहरूको प्रशिक्षण हुनुपर्छ । यी गुणहरू भएको खण्डमा हाम्रो लागि प्रजातन्त्रवाद भन्दा पनि बढी चिज अर्थात् क्रान्तिकारीहरूको बीचमा पूर्ण मैत्रीपूर्ण आपसी विश्वास सुनिश्चित हुनेछ ।”६

पार्टी सदस्यतासम्बन्धी माथि व्यक्त विचार पार्टीको संगठन र निर्माणबारे लेनिनको धारणाको एउटा प्रमुख तत्व रहेको छ र यो सर्वहारा पार्टीको चरित्र र सारतत्वसित र त्यसले खेल्नुपर्ने ऐतिहासिक भूमिकासित अभिन्न रूपमा गाँसिएको विषय हो ।

यस सिद्धान्तलाई पार्टीमा स्थापित गर्न लेनिन र उनका समर्थकहरूले तत्कालीन पार्टीभित्र रहेका सांगठनिक अवसरवाद र त्यसको पक्षधर मार्तोव र उनका समर्थकहरूको विरुद्ध तीव्र संघर्ष गर्नु परेको थियो । कस्तो खालको हुने, दरोसित संगठित खालको कि खुकुलो खालको हुने, कस्ता व्यक्तिहरू पार्टी सदस्य बन्नसक्ने भन्ने सवालमा केन्द्रीत रहेको थियो । पार्टी एउटा सांगठनिक दस्ता बन्नुपर्छ भन्ने लेनिनको विचार थियो, र सोही अनुसारको उनको प्रस्ताव कस्तो थियो भने कुनै व्यक्तिले पार्टीमा नाम दर्ता गरेर मात्र सदस्यता प्राप्त गर्न सक्दैन र सदस्यताको लागि उसले पार्टीको एउटा संगठनमा रहेर सक्रिय रूपमा काम गर्नुपर्छ । लेनिनको प्रस्ताव अनुसार, पार्टी सदस्यले अनिवार्य रूपबाट पार्टीको एउटा संगठनमा व्यक्तिगत रूपले सहभागी हुनुपर्छ, जसको अर्थ हो उसले पार्टी अनुशासन मान्नै पर्छ । लेनिनको उक्त धारणामा कुन महत्वपूर्ण तत्व रहेको छ भने कम्युनिष्ट पार्टी भनेको सर्वहारावर्गका हितअनुरूप विचारहरूको प्रचार गर्ने र त्यसको योजना बनाउने संगठन मात्र होइन, बरु विचार र कार्यमा एकतावद्ध भएर सो विचार र योजनालाई यथार्थतामा परिणत गर्ने योद्धाहरूको संगठन... बाँकी ३ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# भर्नाको तुजुक

हिँजोआज नेपाल मण्डलमा गरिबगुरुवाहरूका ससाना लालावालाहरूको स्कूल भर्नाको विषयमा हङ्गामा नै मच्चिएको छ । वामपन्थी (उर्फ हामपन्थी) नामको हात्तीले सरकारको हौदामा बसेपछि विभिन्न प्रकारका चकाचौंध मच्चाएको छ । राष्ट्रवादीको पगरी गुथेर चुनावमा भोट बटुलेका पर्धानमन्त्रीले गुज्जर भैयूयाको चाकडी गरेर राष्ट्रवादको खाँटी परिचय त दिए । विगतका असमान सन्धी सम्झौता दृढतापूर्वक कार्यान्वयन गर्ने वचन गुज्जर भैयूयालाई दिएर राष्ट्रवादको शीर सगरमाथा भन्दा पनि उँचो राखेर आए । यसले निकै चर्चा पायो र सबैतिर बहस, खुसामत र मत मतान्तर पनि भए । समाजवाद ल्याउन भनेर कस्सिएको बामेहरूको सरकारले पुराना असमान सन्धी सम्झौतालाई अक्षरश छिटो भन्दा छिटो लागू गरेर र अरूण, कर्णाली बेचबाच पारेर धन आर्जन गरि समाजवाद लागू गर्ने कार्यको शुभारम्भ गरेर आए । कुरो मुनासिवै हो, समाजवाद लागू गर्न त धनपैसो प्रशस्त हुन पर्छ क्यारे ।

त्यसपछि बामे सरकारले यतिखेर अर्को चकाचौंधको कार्य अघि बढाएको छ । त्यो हो गरिबगुरुवाका लालावालाहरूको अविभावकत्व ग्रहण गरेर सरकारी स्कुलमा भर्ना गर्ने पवित्र कार्य । त्यसैले सरकारी स्कुलमा गरिबगुरुवाका केटाकेटी भर्ना गर्ने होडबाजी नै मच्चिएको छ । देशका पर्धानमन्त्री मिस्टर उखानप्रसादले मुगुको रारामा गएर गरिबगुरुवाका दुई थान केटाकेटीलाई सरकारी स्कूलमा भर्ना गरेर समाजवादी शिक्षाको उद्घाटन गरे । त्यसपछि सरकारवादी दोस्रो दलका मिस्टर सुप्रिमोले चितवन गएर राज्यको गणणामै नपर्ने ‘निचा जाति’ मुसहर, माझी केके जातिका दुई थान भुराभुरीको नाउँ सरकारी स्कुलमा लेखाएर अविभावक बने । त्यसपछि पुलिसमन्त्रीले पनि चितवनै गएर त्यसै गरे । उता वालव्रह्मचारी निःशन्तानी शिक्षामन्त्री महोदयले पनि दुईतीन थान चेपाङ, माझी, मुसहर यस्तै यस्तै केके जातिका भुराभुरीको अविभावकत्व ग्रहण गर्दै सरकारी स्कूलमा नाउँ लेखाइदिए । अब उनले चलाएका वर्दिवास र कोटेश्वर तिरका नीजि स्कूल विद्यार्थी नपाएर सुकेनास लागेर डङ्ग्रङ्गै ढल्नेछन् । किनकि नीजि स्कूलका मालिक नै शिक्षामन्त्री बनेर देशका सबै गरिबगुरुवाका केटाकेटी सरकारीमा भर्ना गर्न उर्दी जारी गर्दै आफैं अविभावक बन्न थालेपछि तिनका नीजि स्कुलमा कस्ले पढिदिने ?

यो क्रम फैलिँदै गएर अरू मन्त्री, माननीय, विभिन्न दलका लाउके, टाउके, भुरेटाकुरे नेताहर्ले आआफ्ना क्षेत्रमा गएर सडकमा चरिरहेका, खोलाकिनारमा गिट्टी खेरिरहेका, होटेलहरूमा भाँडा माझ्दै गरेका, घाँस दाउरा काट्न गएका, ग्वाला गएका आदि इत्यादि लालाबालाहर्लाई ठाउँका ठाउँ टिपेर सरकारी स्कुलमा लगेर भर्ना गर्ने लहर चलिरहेको छ । यो क्रम दिनानुदिन बढ्दै गएको छ । यसरी बामे सरकारले समाजवाद स्थापना गर्न सबैभन्दा पहिला शिक्षा क्षेत्रमा समाजवादी शिक्षा लागू गर्ने अभ्यासको शुभारम्भ गरेको छ ।

आजसम्म गरिबगुरुवाका लालावालाहर्ले किन पढ्न पाएनन् भनेको त विचराहर्ले अविभावक नै नपाएर अनि स्कुलमा नाउँ लेखाइदिने मुक्तिदाताहरू नै नपाएर पो रहेछ । यतिखेर सरकारले उनीहरूको उद्धार गरेको छ । संविधानमा शिक्षालाई मौलिक हकभित्र राखेको हुनाले पनि समाजवादी सरकारले संविधानलाई अक्षरश लागू गर्ने कामको थालनी गरेको हो । अब गरिबगुरुवाका छोराछोरी सबै शिक्षित हुनेछन् । सबै डाक्टर, इन्जिनियर, पाइलट, ठूलठूला तहका कर्मचारी हाकिम हुनेछन् । त्यसपछि देश त समाजवादमा तुरुन्तै फड्को हान्ने छ ।

गरिबगुरुवाका छोराछोरीहर्ले सर्वसुलभ तरिकाले पढ्न लेख्न पाउन् भनेर बामे सरकारले प्राविधिक शिक्षा लागू गर्ने भएको छ । जहाँजहाँ पर्धानमन्त्री, मन्त्री, माननीय, बडेबडे पाटीका बडेबडे नेताहर्ले नाउँ लेखाइदिएका केटाकेटीहर्ले नाउँ लेखाउँदाको दिन बाहेक स्कुल जानुपर्ने छैन । सरकार र नेताको काम भनेको अविभावक नपाएर स्कुल जान नपाएकाहर्लाई अविभावक बनेर स्कुलमा नाउँ लेखाइदिने मात्रै हो । बाँकी पढ्ने काम त उनीहरूकै हो । कसरी पढ्ने, के पढ्ने भन्ने कुरा उनीहर्ले नै जान्ने कुरा हो । सरकारको त देशका सबै केटाकेटी स्कुलमा भर्ना होउन् भन्ने लक्ष्य मात्रै हो । त्यसैले बैशाख १४ गतेसम्म सरकारले अविभावक बनेर देशैभरीका सबै भुराभुरीहर्लाई घोक्रेठ्याक लगाएर भएपनि भर्ना गरिदिन्छ ।

यतिखेर सरकार र लाउके नेताहर्ले भर्ना गरिदिएका गरिबगुरुवाका लालावालाहर्ले आआफ्नै ठाउँमा प्राविधिक शिक्षा पढ्न पाउने व्यवस्था गरेको छ । होटलमा भाँड माझ्ने केटाकेटीले भाँडा माझ्ने शिक्षा, गिट्टी कुट्ने केटाकेटीहर्ले गिट्टी कुट्ने शिक्षा, गोठाला जानेहर्ले गोठालो शिक्षा, गाडि मोटरमा खलाँसी बनेकाहर्ले खलाँसी शिक्षा, ग्यारेजमा काम गर्नेले गाडिमोटर पुछपाछ र ठोकठाक गर्ने शिक्षा, सहरका खातेहर्ले खाते शिक्षा आदि इत्यादि पढ्ने छन् । यस्तो छ बामे सरकारको समाजवादी शिक्षाको तुजुक । *८ वैशाख २०७५*

*kailubraha73@gmail.com*

# पार्टी संगठनबारे लेनिनका विचारहरू

हो । तसर्थ पार्टीका कार्यक्रम र नीतिप्रति मान्यता र समर्थन मात्र पार्टी सदस्य बन्नका लागि पर्याप्त हुँदैन, बरु उसले त्यसप्रति मान्यता र समर्थनका साथै पार्टीको एउटा संगठनमा रहेर पार्टी फैसलाको भावना र कार्यान्वयनमा जनताको बीचमा काम गर्नु आवश्यक छ । पार्टी सदस्यतासम्बन्धी लेनिनको उक्त धारणा विपरीत अवसरवादीहरूको प्रस्तावमा कस्तो धारणा रहेको थियो भने पार्टी सदस्यले पार्टी कार्यक्रम र नीतिलाई मानेर पार्टीलाई नियमित रूपले सहयोग गरे पुग्छ, ऊ आवश्यकीय रूपले पार्टी संगठनमा रहनु पर्दैन, संगठनको हिस्सा भएर पार्टी काममा व्यक्तिगत सहभागी हुनुपर्छ भन्ने छैन । उनी भन्छन् : "रु.सा.ज.म.पा.(रुसी मामाजिक जनवादी मजदूर पार्टी)ले एकछिनका लागि पनि कुन कुरालाई विर्सनु हुन्न भने जो व्यक्ति पार्टी निर्णयको भावनामा आम जनताको वीचमा साँच्चिकै आफ्नो सम्पूर्ण कामलाइ अघि बढाउँछ, ऊ मात्र पार्टी सदस्यको उद्दत नाउँको योग्य रहन्छ ।"७

लेनिनको उक्त भनाइअनुसार, त्यस्तो व्यक्ति मात्र पार्टी सदस्य बन्नसक्छ, बन्न लायक रहन्छ, जसले पार्टीको राजनीतिक कार्यदिशा र त्यसको फैसलाहरूलाई निर्देशन मानेर त्यसलाई व्यवहारमा उतार्न अधिकतम प्रयत्न लगाउँछ । पार्टी सदस्यताको लागि यो एक सच्चा एक पार्टी सदस्य हुन सक्दैन ।

लेनिनको उक्त विचार सँहारा पार्टीको सदस्यता सम्बन्धमा एउटा प्रमुख र आधारभूत सिद्धान्त रहेको छ । यस सम्बन्धमा अवसरवादीहरूको विचार त्यसको विपरीत रहेको थियो । अवसरवादीहरू सबै खालका मानिसहरूलाई विना भेदभाव, विनारोकटोक पार्टीमा प्रवेश गराएर त्यसको संख्या बढाउने र यसरी पार्टीलाई निम्नपुँजीवादी उदारवादी पार्टी सरह बनाउन चाहन्थे । अवसरवादीहरूको उक्त विचार कम्युनिष्ट पार्टीभित्र संगठानिक अवसरवादको एउटा अभिव्यक्ति रहेर आएको छ ।

पार्टी सदस्य बन्नका लागि कुनै पनि व्यक्तिले नीतिलाई समर्थन र पार्टीलाई सहयोग गरे पुग्छ र ऊ आवश्यकीय रूपले एउटा पार्टी संगठनको सदस्य नबने पनि हुन्छ भन्ने मार्तोवको प्रस्तावको विरोध गर्दै लेनिनले पार्टीको काम कार्यवाहीमा लागु हुनुपर्ने र सबै कम्युनिष्टहरूले मान्नुपर्ने एउटा महत्वपूर्ण सिद्धान्तको प्रतिपादन गरे । उनले लेखेका छन् -"...प्रत्येक पार्टी सदस्य पार्टीको लागि जिम्मेवार रहन्छ र आफ्नो प्रत्येक सदस्यको लागि पार्टी जिम्मेवार रहन्छ ।" अगाडि उनी भन्छन् "कुनै एउटा पार्टी संगठनको सदस्य नभएका मानिसलाई सदस्यता प्राप्त गर्ने अधिकार दिनु र कुनै संगठनमा नरहेको मानिसको लागि पार्टीलाई जिम्मेवार बनाउनु एकदम खतरनाक र हानीकारक हुनेछ ।"८

उक्त सिद्धान्तअनुसार, पार्टीबाट गरिने कामको लागि प्रत्येक सदस्यले जिम्मेवारीको वोध गर्नुपर्छ भने आफ्नो प्रत्येक सदस्यले जे जस्तो काम गर्छ, त्यसको लागि पार्टीले जिम्मेवारी लिनुपर्छ । यो संगठनसम्बन्धी एउटा महत्वपूर्ण लेनिनवादी सिद्धान्त हो ।

सदस्यतासम्बन्धी लेनिनको उपरोक्त सिद्धान्तको आशय के हो भने कम्युनिष्ट पार्टी दह्रो क्रान्तिकारीहरूको पार्टी, श्रमिक जनताको मुक्तिको लागि समर्पित योद्धाहरूको पार्टी रहन्छ र रहनु पर्छ, भन्ने हो । यस उद्देश्य प्राप्तिका लागि पार्टी सदस्यता प्रदान गर्ने काममा बडो सतर्कता र विचार पुऱ्याउने गरिन्छ । कम्युनिष्ट पार्टीमा हुलका हुल सदस्यता प्रदान गरिँदैन, बरु व्यक्ति व्यक्ति गरेर भर्ना गरिन्छ र भर्ना गर्दा सदस्यताको लागि दरखास्त दिने व्यक्तिको राजनीतिक सोच, उसको आचरण, उसका गुण, आदिको सावधानीपूर्वक जाँच गरिन्छ । यसको अर्थ के हो भने सदस्यता प्रदान गर्ने कामलाई बडो गंभीरताका साथ लिइनु पर्छ, जसले गर्दा पार्टीको गुणमा हानी हुन नजाओस् ।

पार्टी संगठनसम्बन्धी लेनिनको शिक्षामा रहेको एउटा महत्वपूर्ण कुरा के छ भने पार्टीले आफ्ना सदस्यहरूको गुणात्मक शुद्धता र विकासमा बडो चासो राख्नु पर्छ । पार्टीले सदस्य संख्या बढाउने कुरामा मात्र होइन, बरु गुणात्मक बृद्धिमा ध्यान दिनुपर्छ भन्ने उनले जोड दिएका छन् । यस सम्बन्धमा उनको शिक्षा के छ भने पार्टी सदस्यताको गुणात्मक बनौट र स्थितिमा हानि हुने गरी त्यसको संख्यामा कदापी बृद्धि गरिनु हुन्न । उनले लेखेका छन् : "हामी पार्टीको अचाक्ली बृद्धिबाट सशंकित छौं । किनभने पदलोलुपतावादीहरू र छलीहरूले शासक पार्टीका पंक्तिमा आफूलाई घुसाउन अनिवार्य रूपले सकभर प्रयत्न गर्नेछन् ।"९

सदस्यताको सम्बन्धमा लेनिनले कुन कुरामा जोड दिएका छन् भने पार्टीले क्रान्तिकारी वर्गका सर्वोत्तम तत्वहरूलाई आफूमा समावेश गर्नुपर्छ, र यसरी मात्र सर्वहारावर्गको क्रान्तिकारी पार्टीको निर्माण गर्न सकिन्छ । जहाँसम्म पार्टीको सर्वहारा चरित्रको सवाल छ, त्यसको निर्धारण पार्टी सदस्यहरूको सामाजिक मूलद्वारा मात्र हुँदैन, बरु त्यसको निर्धारण पार्टीको राजनीतिक गतिविधि, त्यसको कार्यनीति र त्यसको नेतृत्वद्वारा हुन्छ भन्ने उनले स्पष्ट पारेका छन् । त्यसका साथै, त्यसले अवसरवादी र संशोधनवादीहरूको विरुद्ध संघर्ष गर्छ कि गर्दैन भन्ने कुराबाट पनि त्यसलाई निर्धारित गर्छ । यसबारे कम्युनिष्ट इन्टरनेशनलका दोस्रो महाधिवेशनमा बोल्दै उनले भनेका छन् :

"कुनै पार्टी साच्चिकै मजदूरहरूको राजनीतिक पार्टी हो कि होइन भन्ने कुरा मजदूरहरूको सदस्यतामा मात्र भर पर्दैन, बरु सो कुरा त्यसको नेतृत्व गर्ने मानिसहरू र त्यसका कार्यवाही र त्यसका राजनीतिक कार्यनीतिको सारतत्वमा पनि भर पर्छ । यो पछिल्लो कुराले मात्र हाम्रो सामु साँच्चैको सर्वहारावर्गको पार्टी छ कि छैन भन्ने कुरालाई निर्धारित गर्छ ।"

अगाडि उनी भन्छन् : "...हामी कुनै पार्टीलाई त्यस बेलामा मात्र मजदूरको पार्टी ठान्न सक्छौं, जब सो पार्टी आम जनतासित साच्चिकै गाँसिएको हुन्छ र त्यसले पुराना र एकदमै भ्रष्ट काँतरहरको विरुद्ध, दक्षिणपन्थी अन्धराष्ट्रवादीहरू र जर्मनीका दक्षिणपन्थी स्वतन्त्रहरूको मध्यम स्थिति अपनाउनेहरूका विरुद्ध संघर्ष गर्दछ ।"१०

जनवादी-केन्द्रीयता भनेको सम्पूर्ण पार्टी जीवनको संचालनमा जनवादसित केन्द्रीकृत नेतृत्वको जीवन्त मेल हो । जनवाद र केन्द्रीयताको द्वन्द्वात्मक स्वरूप रहेको यस सिद्धान्तको ठीक ढंगबाट प्रयोग नभएको खण्डमा खराब परिणामहरू निस्कने गरेका छन् । वास्तवमा जनवाद र केन्द्रीयताबीच सन्तुलित सम्बन्ध नभएर एउटाको विरुद्ध अर्कोको आधिक्यता हुनु त्यसको गलत प्रयोग हो । यसलाई लेनिनले निम्नरूपमा स्पष्ट पारेका छन् : "हामी जनवादी केन्द्रीयताको पक्षमा छौं । र, जनवादी केन्द्रीयता एकातिर नोकरशाही केन्द्रवादबाट र अर्कोतिर अराजकतावादबाट कति धेरै भिन्न छ भन्ने कुरालाई स्पष्टसित बुझ्नु पर्छ ।"११

माथि उद्धृत भनाइमा लेनिनले जनवादी केन्द्रीयतालाई ठीक ढंगबाट बुझ्न नसक्ने र गलत अर्थमा त्यसको प्रयोग हुनसक्ने कुराप्रति संकेत गरेका छन् । केन्द्रीयताको नाउँमा नोकरशाही व्यवहार हुँदा, जनवादको नाउँमा अराजकतावादी व्यवहार हुँदा त्यसबाट अनेकौं विसंगतिहरू पैदा हुने गर्छन् । हामीले कस्तो स्थिति देख्ने गरेका छौं भने पार्टी संगठन निर्माणको सम्बन्धमा अवसरवादी प्रवृत्ति राख्नेहरू केन्द्रीकृत नेतृत्वको विरोधमा जनवादलाई उभ्याउने गर्छन् भने नोकरशाही प्रवृत्तिका नेताहरू जनवादको विरुद्ध केन्द्रीतालाई तेर्स्याउने गर्छन् ।



जनवादी केन्द्रीयतामा मुख्यरूपमा दुईवटा कुरा छन् : केन्द्रीयता जनवादको आधारमा रहन्छ भने जनवाद केन्द्रीकृत नेतृत्वअन्तर्गत रहन्छ । अर्थात् पार्टीका सबै कार्यकारीणी निकायहरू पार्टी सदस्यहरूद्वारा चुनिएका हुन्छन् । पार्टीका कार्यक्रम, नीति तथा मुख्य प्रस्तावहरू तिनका प्रतिनिधिहरूद्वारा पारित गरिएका हुन्छन् र तिनीहरूले नै नेतृत्वकारी निकायलाई पार्टी कामको संचालन गर्ने अधिकार दिएका हुन्छन् । अल्पमत बहुमतको, तल्ला कमिटि माथिल्ला कमिटिको, व्यक्ति संगठनको र सबै पार्टी संगठनहरू केन्द्रीय कमिटिको अधिनस्थ रहने सिद्धान्तका आधारमा व्यवस्थित रूपबाट पार्टी कार्यको सम्पादन गरिन्छ । त्यसको अर्थ पार्टी जनवादी ढंगबाट संगठित रहन्छ भन्ने हो । लेनिनले अन्तरपार्टी जनवादको सारतत्वलाई निम्नरूपमा व्यक्त गरेका छन् :

"यसको अर्थ के हो भने पार्टीका सारा मामिलाहरूको सञ्चालन विनाअपवाद समान अधिकारहरू भएका पार्टीका सबै सदस्यहरूद्वारा या प्रत्यक्षरूपमा या तिनका प्रतिनिधिहरूद्वारा गरिन्छ । अर्को कुरो के भने, पार्टीका सबै अधिकृतहरू, सबै नेतृत्वकारी निकायहरू र सबै संगठनहरू निर्वाचनको अधिनस्थ रहन्छन्, तिनीहरू आफ्ना मतदाताहरूप्रति उत्तरदायी रहन्छन् र प्रत्यावहानको अधिनस्थ रहन्छन् ।"१२

जनवादी केन्द्रीयता भनेको पार्टी संगठन र त्यसका कार्यहरूको संचालन गर्ने एउटा विधि हो, जसले त्यसको समग्र आन्तरिक जीवनलाई सुव्यवस्थित र सुसंयोजित गर्दछ र पार्टी नेतृत्वलाई आम पार्टी सदस्यतासित एकजुट पार्दछ । पार्टीभित्र देखापर्ने नोकरशाही केन्द्रीयता वा जनवादविरोधी निरंकुशता र त्यस्तै अराजकतावाद र स्वच्छन्दतावाद त्यसका एकदमै विपरीत छन्, र ती पार्टी एकताका लागि हानिकारक रहन्छन् ।

अन्तरपार्टी जनवादको एउटा अति महत्वपूर्ण र अभिन्न पक्ष के हो भने पार्टी सदस्यहरूले कुनै पनि विषयमा छलफल गर्ने स्वतन्त्रता पाएका हुन्छन् र आफ्नो धारणा, मत र सुझाव प्रस्तुत गर्ने तिनीहरूको अधिकार रहन्छ । पार्टीद्वारा आयोजना गरिने सभा सम्मेलनहरूमा र पार्टी कमिटि बैठकहरूमा पार्टीका नीति र निर्णयहरूबारे छलफल गर्ने र खुल्लारूपमा आफ्नो विचार प्रस्तुत गर्ने तिनीहरूको अधिकारभित्रको कुरा रहन्छ ।

तर, पार्टी कार्यकर्ताहरूको उपरोक्त अधिकार कुनै निरपेक्ष वा अपरिमित अधिकार होइन, त्यसका केही आफ्ना सीमाहरू छन् । विचार प्रकट गर्ने स्वतन्त्रता छ भन्दैमा पार्टीद्वारा निर्धारित कार्यक्रम र त्यसका सामान्य कार्यदिशाका विपरीत विचारहरू प्रचार गर्ने छुट रहँदैन । पार्टीको वैचारिक तथा सांगठनिक एकतामा खलल पार्ने, त्यसलाई कमजोर पार्ने र त्यसको सामान्य राजनीतिक कार्यदिशाको खण्डन गर्ने, विचारलाई पार्टीभित्र प्रचार गर्ने खुल्ला छुट/अधिकार दिएमा त्यसले पार्टीको लागि ठूलो हानी पुऱ्याउँछ । यस सम्बन्धमा लेनिनले भनेका छन् :

"हामी पार्टीभित्र मत व्यक्त गर्ने स्वतन्त्रता प्रदान गर्छौं" तर निश्चित सीमाहरूसम्म ....हामी पार्टीको बहुमतद्वारा अस्वीकृत गरिएका विचारका प्रचारकहरूसँग हातमा हात मिलाएर जान वाध्य छैनौं ।" १३

यसरी लेनिनले खास सीमाभित्र मात्र मत व्यक्त गर्ने अधिकार पार्टीमा रहने कुरा बताएका छन् । पार्टीद्वारा स्वीकृत विचारको विरोधमा प्रचार गर्ने पार्टीमा छुट दिन नहुने उनको विचार छ । यसलाई लेनिनको तल उद्धृत भनाइले अरु स्पष्ट पार्दछ । उनले भनेका छन् : "पार्टी एउटा ऐच्छिक संगठन हो, र यदि त्यसले पार्टीविरोधी विचारहरूको वकालत गर्ने मानिसहरूलाई आफूबाट हटाएन भने, पार्टी अनिवार्य रूपबाट, पहिले सैद्धान्तिक रूपले र अनि भौतिक रूपले फुट्ने छ । पार्टी र पार्टीविरोधीलाई छुट्याउने सीमारेखा भनेको पार्टी कार्यक्रम, पार्टीका कार्यनीति, प्रस्ताव तथा त्यसका नियमहरू, अन्तर्राष्ट्रिय सामाजिक जनवादको सम्पूर्ण अनुभव, सर्वहारावर्गका ऐच्छिक, अन्तर्राष्ट्रिय संगठनहरू हुन् ।" १४

पार्टीका नीति तथा स्थितिलाई लिएर पार्टीभित्र छलफल र आलोचना गर्ने अधिकार सदस्यहरूलाई रहेको हुन्छ, अर्थात् पार्टीभित्र आलोचनाको स्वतन्त्रात्मक रहन्छ । तर, त्यस्तो छलफल र आलोचना सैद्धान्तिक र मैत्रीपूर्ण हुनु आवश्यक छ र त्यो पार्टीलाई सुधार्ने र त्यसमा रहेका कमीकमजोरहरूलाई हटाउने र यसरी पार्टीको सैद्धान्तिक र सांगठनिक एकतालाई अरु सुदृढ पार्ने उद्देश्यबाट प्रेरित हुनुपर्छ । पार्टीभित्र आलोचना कुने सीमाभित्र हुनुपर्ने र त्यसले कार्यगत एकतामा कुनै वाधा वा आच पार्न नहुने कुरामा उनको जोड रहेको छ । उनले भनेका छन् : "पार्टी कार्यक्रमका सिद्धान्तहरूको सीमाभित्र पार्टी सभाहरूमा मात्र होइन, सार्वजनिक सभाहरूमा आलोचना विलकूल स्वतन्त्र हुनुपर्छ । यस्तो आलोचना वा यस्तो आन्दोलन(किनभने आलोचना आन्दोलनबाट अभिन्न छ,) लाई मनाही गर्न सकिदैन । पार्टीको राजनीतिक कार्य एकतावद्ध हुनुपर्छ । निश्चित कार्यहरूको एकताको उलंघन गर्ने कुनै पनि आह्वानहरू या त सार्वजनिक सभामा, या पार्टी बैठकमा या पार्टी प्रेसमा सह्य हुन सक्दैनन् ।"

अगाडि उनी भन्दछन्, जनवादी केन्द्रियताको सिद्धान्त र स्थानीय पार्टी संगठनका लागि स्वायत्तताले आलोचना गर्ने सर्वव्यापी र पूर्ण स्वतन्त्रतालाई इंगित गर्दछ, जबसम्म त्यसले कुनै निश्चित कार्यको एकतालाई बिथोल्दैन । त्यसले यस्ता सारा आलोचनालाई बहिष्कार गर्छ, जसले पार्टीबाट निर्णय गरिएको कार्यको एकतालाई बिगार्छ वा कठिन बनाउछ"१५

आलोचना गर्ने स्वतन्त्रता अन्तरपार्टी जनवादको एउटा महत्वपूर्ण पक्ष हो, तर त्यसको प्रयोग ठीक ढंगबाट र ठीक दिशामा र विषयगत हुनु एकदमै जरुरत रहन्छ । त्यसको प्रयोग गलत ढंगबाट हुने गरेका घटनाहरू छन्, जब आलोचकहरूले "आलोचनाको स्वतन्त्रता"को नाउँमा पार्टीका राजनीतिक दिशा र कार्यनीति र मार्क्सवादका आधारभूत प्रस्थापनाहरूसमेतको विरोध गर्दछन् । यो वास्तवमा उक्त "स्वतन्त्र" को गलत प्रयोग हो । लेनिनले त्यस्तो खालको आलोचनात्मक प्रवृत्तिलाई विरोध गरी त्यसलाई पार्टीमा छुट दिन नहुने बताएका छन् । उनले लेखेका छन् ।

"जो व्यक्ति जानाजान आफ्नो आँखा बन्द गर्दैन, उनले कुन कुरालाई नदेखिरहन सक्दैनन् भने समाजवादमा रहेको नयाँ "आलोचनात्मक" प्रवृत्ति एउटा नयाँ रूपले अवसरवादभन्दा बढी पनि होइन घटी पनि होइन । यदि हामी मानिसहरूले लगाएका चमकदार पोशाक वा आफूलाई दिने ओजस्वी नामको आधारमा होइन, बरु तिनीहरूले जाँच गर्छौं भने, कुन कुरा स्पष्ट हुन्छ कि 'आलोचनाको स्वतन्त्रता' को अर्थ सामाजिक जनवादमा एउटा अवसरवादी प्रवृत्तिका लागि स्वतन्त्रता, सामाजिक जनवादलाई जनवादी सुधारको पार्टीमा फेर्ने स्वतन्त्रता, समाजवादभित्र पुँजीवादी विचार तथा पुँजीवादी तत्वहरूलाई घुसाउने स्वतन्त्रता हुन जान्छ । १६

आलोचनाको स्वतन्त्रतालाई पार्टीद्वारा निर्धारित कार्यदिशा तथा कार्यनीतिको विरोध गर्ने, पार्टीको सिद्धान्तको विरुद्ध प्रचार गर्ने, राजनीतिक कार्यवाहीको एकतालाई बिथोल्ने स्वतन्त्रताको रूपमा कसै कसैले लिने गरेको र अवसरवादी उद्देश्यमा त्यसको प्रयोग गर्न खोजेको तथ्यलाई माथि उल्लेख गरिएको छ । उक्त अवसरवादी प्रवृत्तिलाई पार्टीमा छुट दिन नहुने विचार व्यक्त गर्दै, लेनिनले पार्टीमा विचार र कार्यमा एकता अर्थात् एकनिष्ठता हुनुपर्ने कुरामा जोड दिएका छन् । पुँजीवादी मनस्थितिको एउटा विशेषतास्वरूप पाइने विचारमा असंगति तथा खिचडीपन र दृष्टिकोणमा ढुलमुलपन पार्टीको लागि निकै हानिकारक हुनाले उनी त्यसका दृढ विरोधी थिए ।

आलोचना-आत्मालोचनाको सिद्धान्त जनवादी-केन्द्रीयताको एउटा प्रमुख तत्व हो । पार्टीभित्र आलचेना गर्ने र राय व्यक्त गर्ने सम्बन्धमा माथि चर्चा गरिसकिएको छ । पार्टी सदस्य र कार्यकर्ताहरूले सम्बन्धित विषयमा केन्द्रीत रही आफूलाई लागेको कुरा साहसका साथ बोल्ने, आलोचनात्मक ढंगबाट सोच्ने र पुरा जिम्मेवारीको भावका साथ पार्टी नीति तथा गतिविधि, सम्बन्धित विचार व्यक्त गर्नु आवश्यक छ, र त्यसमा पार्टीले उनीहरूलाई प्रोत्साहित गर्नुपर्छ । त्यसको लागि पार्टीद्वारा दिइने प्रोत्साहन अन्तरपार्टी जनवादको विकासको लागि एउटा महत्वपूर्ण तत्व हो । यसमा एउटा अति आवश्यक कुरा के छ भने नेतृत्वकारी नियकायहरूमा रहेका नेताहरूले सदस्यहरूको आलोचनाप्रति गम्भीर चासो र ध्यान दिनुपर्छ र तिनीहरूको आलोचना र सुझावलाई सकार्न मानसिकरूपले तयार रहनु पर्छ । अरुबाट हुने आलोचना र सुझावप्रति बेवास्ता गर्ने र आलोचनाप्रति नराम्रो भावना लिने गरेमा अन्तरपार्टी जनवादको सफल प्रयोग हुन सक्दैन ।

लेनिनले आत्मालोचनाको आवश्यकता र महत्वमा निकै जोड दिएको छ र कस्तो विचार व्यक्त गरेका छन् भने त्यसको प्रयोग कम्युनिष्ट अन्य पार्टीहरूबाट छुट्याउने एउटा महत्वपूर्ण चिन्ह हो । उनको भनाइ छ :

"आफूले गरेको गल्तीप्रति कुनै राजनीतिक पार्टीले अपनाउने दृष्टिकोण त्यो पार्टी कतिसम्म इमान्दार छ र त्यसले कुन रूपमा आफ्नो वर्ग तथा श्रमिक जनताप्रतिको आफ्नो दायित्वलाई पुरा गर्छ भन्ने कुरालाई जाँच्ने एउटा अत्यधिक महत्वपूर्ण तथा गंभीर उपाय हो । गल्तीलाई खुलस्तरूपमा सकार्नु, गल्ति हुनाको कारणलाई निश्चित गर्नु, कुन स्थितिमा गल्ती हुन गएको हो, त्यसको विश्लेषण गर्नु, त्यसलाई सुधार्नका लागि उपाय पत्ता लाउनु, यो नै एउटा गंभीर पार्टीको चिन्ह हो । र, त्यसले आफ्नो वर्ग र जनसमुदायहरूलाई शिक्षित र प्रशिक्षित पार्नुपर्छ ।" १७

पार्टीमा आत्मालोचनाको विवेकपूर्ण व्यवहारिक प्रयोग त्यसको एउटा प्रमुख पहिचान हो । यस सम्वन्धमा नेतृत्वकारी कमिटिका सदस्यहरूले सर्वप्रथम आफूबाट भएका कमजोरी तथा गल्तीहरूलाई लिएर आत्मालोचक बन्नुपर्छ र त्यसमा तिनीहरूले दृष्टान्त प्रस्तुत गर्नुपर्छ । यसले तलका सदस्यहरूमा आत्मालोचनाको प्रवृत्तिको किवास गर्नमा ठूलो प्रेरणा र सहयोग प्रदान गर्नेछ । त्यसको अर्थ के हो भने पार्टीभित्र जनवाद र आत्मालोचनाको प्रयोगलाई व्यापक बनाउन नेतृत्वमा रहेका कार्यकर्ताहरूको ठूलो जिम्मेवारी र भूमिका रहन्छ ।

अर्को कुरा लेनिनले सत्यलाई आम श्रमिक जनताबाट लुकाउन नहुने बरु सत्यलाई तिनीहरूका सामु खुलस्त राख्नुपर्ने कुरामा जोड दिएका छन् । सर्वहारावर्गको लागि सत्य मात्र हितकार हुने कुरालाई औंल्याउँदै उनले आफूले जस्तोसुकै कटु भए पनि सत्य कुरो जनतालाई बताएर आएको उल्लेख गरेका छन् । उनले कुन कुरो बडो जोडका साथ बताएका छन् भने जनतालाई सत्य बताउनु सर्वहारा नेताको एउटा महत्वपूर्ण पहिचान हो । जनतालाई सत्य कुरा बताउन नचाहने वा डराउने नेताहरूलाई इंगित गर्दै उनले भनेका छन् :

"तपाईं पूँजीवादी तरिकाबाट सर्वहारा नीतिको अनुसरण गर्न चाहनुहुन्छ । जो नेताहरू आफ्नो मण्डलभित्र आफ्नो बीचमा सत्यलाई जानका हुन्छन् र आम जनतालाई अज्ञानी र मन्दबुद्धिका ठानेर सो सत्य उनीहरूलाई बताउँदैनन् । तिनीहरू सर्वहारा नेता होइनन् । साँचो कुरा बोल्नोस्.....शत्रुलाई धोका दिनका लागि जनताप्रति वेइमानी हुनु भनेको एउटा बेवकुफी तथा कुबुद्धियुक्त नीति हो । सर्वहारावर्गलाई सत्य चाहिएको छ, र त्यसको लक्ष्यका लागि सौजन्ययुक्त निम्न पुँजीवादी झुटभन्दा बढी हानिकारक अर्को कुनै कुरो छैन ।" १८

उपरोक्त सम्बन्धमा लेनिनको शिक्षाको सार के छ भने सर्वहारा नेताहरूले जनतासित खेलवाड वा छलछाम गर्नुहुन्न र लोकाचारी व्यवहार गर्नु कदापी हुन्न । पार्टीले सामना गर्नुपरेका अपठ्याराहरू र त्यसका कमीकमजोरीहरू नलुकाइकन वा शब्दजाल बनाएर झुटो सन्देश दिने नगरिकन जनतालाई सत्य कुरा बताउनु पर्छ ।

पार्टी नेताहरूले कटु सत्य जनतालाई बताउने नीति अनुसरण गर्नपर्ने उनको उपदेश छ । उनी भन्छन् :

"सत्यागासो(Specious) वाक्यांशको मद्दतले कुनै नरमाइलो सत्यलाई छोप्नु सर्वहारावर्गको लक्ष्यको लागि र श्रमिक जनताको लक्ष्यको लागि अत्यधिक हानिकारक र अत्यधिक खतरनाक छ । जतिसुकै कटु भए पनि सत्यको विनाछल सामना गर्नैपर्छ । यस आवश्यकतालाई पुरा नगर्ने नीति विनाशकारी नीति हो ।"१९

सत्यमा टिक्नु र जनतालाई सत्य कुरा बताउनु र आफ्ना गल्तीप्रति आत्मालोचक भएर त्यसलाई सच्याउनु सर्वहारावर्गको अगुवाको रूपमा पार्टीले पुरा गर्नुपर्ने महत्वपूर्ण दायित्व हो । यो समग्र पार्टी र पार्टी सदस्यहरूले श्रमिक जनताप्रति अपनाउनुपर्ने सही दृष्टिकोणको अंग पनि हो ।

कम्युनिष्ट पार्टीमा कडा अनुशासनको आवश्यकतामा कम्युनिष्टहरूमाझ दुईमत रहेको पाइँदैन । सर्वहारावर्गको पार्टीको हैसियतले त्यसले आफ्नो जिम्मेवारीलाई पुरा गर्नसक्नुका लागि अनुशासन एउटा अपरिहार्य सर्त रहन्छ । लेनिनले त्यसको अपरिहार्यतामा निकै जोड दिएका छन् । उनको भनाइ छ : चारैतिरबाट सर्वहारावर्गलाई घेरिराखेको निम्न पूँजीवादी वातावरणले "सर्वहारावर्गलाई छिचोल्छ र भ्रष्ट पार्छ र निरन्तर रूपबाट सर्वहारावर्ग निम्नपूँजीवादी लुलोपन, बेमेल, व्यक्तिवाद र पालैपालो गरी आत्मविभोरता र नैराश्यका भावहरू पैदा गर्छ । त्यसलाई पराजित गर्नका लागि र सही ढंगले सफलतापूर्वक र विजयी ढंगबाट सर्वहारावर्गको राजनीतिक पार्टीभित्र कठोरतम केन्द्रीयकरण र अनुशासन आवश्यक छ ।" २०

अनुशासन कायम गर्न पुरा गर्नुपर्ने जुन सर्तहरूको लेनिनले उल्लेख गरेका छन्, ती निकै महत्वपूर्ण छन् । सर्वहारावर्गको पार्टीमा मानिने अनुशासन अन्धभक्त भएर मानिने वा दासको आज्ञाकारीताको आधारमा मानिने अनुशासन होइन, बरु त्यो सचेत रूपबाट स्वेच्छाले र नेतृत्व र कार्यदिशाको औचित्यप्रति गहिरो विश्वासबाट मानिने शासन हो । साँच्चै भन्ने हो भने सर्वहारावर्गको पार्टीको तागतको एउटा प्रमुख स्रोत भनेको त्यसका सदस्यहरूद्वारा पालन गरिने सचेत तथा ऐच्छिक अनुशासन हो । पार्टी सदस्यहरू जति बढी मात्रामा संगठित, सचेत र असुशासित रहन्छन्, त्यस्तै नै पार्टीको तागत, त्यसको लडाकु क्षमता, त्यसको भूमिकाको प्रभावकारिता पनि रहन्छ ।

सर्वहारावर्गको पार्टीमा विभिन्न सैद्धान्तिक सवालहरूमा, त्यसका रणनीतिक तथा कार्यनीतिक दिशासित सम्बन्धित सवालहरूसँग विभिन्न नीतिहरूको कार्यान्वयनका सवालहरूमा मतभेदहरू उत्पन्न हुन्छन् । विचलनहरू त्यसबेला देखापर्छन्, जब पार्टी सदस्यहरूको कुनै अंग मार्क्सवादका सिद्धान्तहरू र पार्टीद्वारा निर्धारित कार्यदिशा र नीतिहरूबाट विचलित हुन्छन् । यसबारे लेनिनको यस्तो भनाई छ : "विचलन भनेको पूर्ण विकसित भइसकेको धारा होइन । विचलन भनेको त्यस्तो कुनै चिज हो, जसलाई सच्याउन सकिन्छ । मानिसहरू बाटोबाट बहकिएका छन् वा बहकिन थालिरहेका छन् ।" २१

पार्टीभित्र देखापर्ने विचलनहरू खासरूपले दुईओटा छन् : दक्षिणपन्थी विचलन र वामपन्थी विचलन । यी पार्टीभित्र गैरसर्वहारा विचारधाराहरूका प्रतिविम्ब हुन् । यसरी विचलन देखापरेपछि सैद्धान्तिक आधारमा त्यसका विरुद्ध संघर्ष चलाएर त्यसलाई सच्याउनु पर्छ । सिद्धान्तका आधारमा छलफल तथा संघर्षद्वारा विचलित भएका कामरेडहरूलाई सही बाटोमा ल्याउन प्रयत्न गरिनु आवश्यक छ । यदि त्यस्तो संघर्ष नचलाइकन र समयमा त्यसलाई नहटाइकन रहन दिने हो भने त्यसले आफूलाई खतरनाक रूपमा विकसित गर्न सक्छ । सुरुमा त्यस्तो विचलन सानो र नगण्यजस्तो भए पनि कुनै खास अवस्थाहरूमा त्यसले वैचारिक रूपमा मात्र होइन, सांगठनिक रूपमा पनि आफूलाई एउटा गुटको रूपमा अर्थात् आफ्नै छुटै मञ्च र व्यवस्था भएको समूहको रूपमा स्थापित गर्न सक्छ । गुटको रूप लिएपछि, त्यसका सदस्यहरूले पार्टी अनुशासनको उलंघन गर्दछन् । बहुमतको निर्णय मान्न इन्कार गर्छन् र पार्टीभित्रबाट पार्टी विरोधी गतिविधि चलाउँछन् र यसरी पार्टीमा फाटो ल्याउनु खोज्छन् । वास्तवमा गुटबन्दीले क्रान्तिविरोधी शक्तिहरूको सेवा गर्छ र त्यो पार्टीको सैदान्तिक तथा सांगठनिक एकताको लागि बडो हानिकारक छ ।

तसर्थ, लेनिनले पार्टीमा गुटबन्दीलाई स्थान दिन नहुने र त्यसको दृढरूपमा विरोध गर्नुपर्ने बताउँछन् । उनी लेख्छन् : "सबै वर्गसमेत मजदूरहरूले कुन कुरालाई स्पष्टसित बुझ्नु पर्छ भने सबै खालको गुटबन्दी हानिकारक र आग्रहय छ, किनभने वैयक्तिक समूहहरूको सदस्यहरूले पार्टी एकतालाई सुरक्षित पार्न जतिसुकै चाहे पनि गुटबन्दीले व्यवहारमा अनिवार्यरूपबाट एकतालाई कमजोर पार्छ र शत्रुहरूको तर्फबाट फाटोलाई फराकिलो पनि र त्यसलाई क्रान्तिविरोधी उद्देश्यमा प्रयोग गरिने तीव्रता र निरन्तर प्रयत्नलाई पैदा गर्छ ।" २२

उपरोक्त सम्बन्धमा, कम्युनिष्ट पार्टी क्रान्तिकारीहरूको संगठित दस्ता हो, र यसमा गुटबन्दीलाई कुनै स्थान दिइनुहुन्न । पार्टीले आफ्नोभित्र देखापर्ने अवसरवादी विचलन तथा गुटबन्दीहरूको दृढरूपमा संघर्ष चलाई पार्टी एकतालाई जब्बर पार्नुपर्छ । पार्टीको आन्तरिक जीवनमा पार्टी सदस्यहरूको वैचारिक तथा सांगठनिक एकता, तिनीहरूको विचार र कारबाहीमा एकबद्धता र उच्च सचेतनायुक्त अनुशासन हुनुपर्ने र त्यसलाई सुदृढ पार्नुपर्ने कुरामा पार्टी संगठनसम्बन्धी लेनिनवादी सिद्धान्तको सार रहेको छ ।

सन्दर्भ-ग्रन्थ


१. "लेनिनको चरित्र-चित्रण" अंग्रेजी संस्करण, पृष्ठ १३१ बाट उद्दृत ।

२. लेनिन, "छानिएका रचनाहरू", अं.सं. भाग १, पृष्ठ ३२६ ।

३. लेनिन, "संकलित रचनाहरू ", भाग १९, पृष्ठ ४०६ ।

४. लेनिन, "संकलित रचनाहरू ", भाग ५, पृष्ठ ४७७ ।

५. लेनिन, "संकलित रचनाहरू ", भाग ३१, पृष्ठ १८७ ।

६. लेनिन, "संकलित रचनाहरू ", भाग ५, पृष्ठ ४८० ।

७. लेनिन, "संकलित रचनाहरू ", भाग १८, पृष्ठ ४५३ ।

८. लेनिन, "संकलित रचनाहरू ", भाग ६, पृष्ठ ५०३-४ ।

९. लेनिन, "संकलित रचनाहरू ", भाग ३१, पृष्ठ ४७ ।

१०. लेनिन, "संकलित रचनाहरू ", भाग ३१, पृष्ठ २५७-२५९ ।

११. लेनिन, "संकलित रचनाहरू ", भाग ११, पृष्ठ २०७ ।

१२. लेनिन, "संकलित रचनाहरू ", भाग ११, पृष्ठ ४३७ ।

१३. लेनिन, "संकलित रचनाहरू ", भाग १५, पृष्ठ ४०९ ।

१४. लेनिन, "संकलित रचनाहरू ", भाग १०, पृष्ठ ४७ ।

१५. लेनिन, "संकलित रचनाहरू ", भाग ५, पृष्ठ ३५५ ।

१६. लेनिन, "संकलित रचनाहरू ", भाग ५, ३५५ ।

१७. लेनिन, "संकलित रचनाहरू ", भाग ३१, पृष्ठ ५७ ।

१८. कृष्णदास,"पार्टी संगठनका समस्याहरू", पृष्ठ ५०बाट उद्धृत ।

१९. लेनिन, "संकलित रचना", भाग १४, पृष्ठ ३४ ।

२०. लेनिन, "संकलित रचना", भाग ३१, पृष्ठ ४४ ।

२१. लेनिन, "संकलित रचना", भाग ३२, पृष्ठ २५१ ।

२२. लेनिन, "संकलित रचना", भाग ३२, पृष्ठ २४१ ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# यसरी गरिएको थियो चीनमा साँस्कृतिक क्रान्तिलाई निषेध



● **डोपिङ हान**

साँस्कृतिक क्रान्ति नोकरशाही राजनीतिक विरुद्ध सर्वसाधरण ग्रामीण चिनियाँ जनतालाई शक्तिशाली बनाउने पहिलो प्रयास थियो । यसले एउटा सीमित समयसम्म मात्र सफलता पायो । १९७८ मा देङ स्याओपिङ सत्तामा आएपछि साँस्कृतिक क्रान्तिलाई गरिएको पूर्ण निषेध, वसन्तको कलकलाउँदो अन्नबालीमाथि हठात परेको बाक्लो तुसारो जस्तो थियो । क्रान्तिको पाङ्ग्रा पछिल्तिर घुम्यो र चीनमा विभिन्न क्षेत्रमा विकास हुँदै गएको राजनीतिक सशक्तीकरणको प्रक्रिया ध्वस्त हुन पुग्यो ।

साँस्कृतिक क्रान्तिका बेला मिल्काइएका देङ स्याओपिङ र पहिलेका सरकारी अधिकारीहरू १९७० को दशकको अन्त्यतिर सत्तामा फर्किए । पहिलेका विद्रोही नेताहरूले तिनीहरूलाई गृहयुद्धका बेला गाउँ फर्केका जमिन्दारहरूले गठन गरेको हिंस्रक रेजिमेन्ट हुवान सियाङतुआनसँग तुलना गरेका थिए । साँस्कृतिक क्रान्ति र भूमिसुधारको थोरै ज्ञानभएका जीमोका बासिन्दाहरूको ख्याल गृहयुद्धताकाको हुवाङ सियाङअुन र साँस्कृतिक क्रान्ति पछाडि फर्केका सिसिपीका अधिकारीहरू बीच धेरै भिन्नता थिएन । भूमिसुधारका बेला जीमोका जमिन्दारहरू गरीब र भूमिहीनहरूबाट अपमानित हुनु परेजस्तै साँस्कृतिक क्रान्तिको सुरुवातको चरणमा पहिलेका थुप्रै सिसिपीका हाकिमहरू विद्रोहीहरूबाट अपमानित भएका थिए । महान् अग्रगामी छलाङका बेला पहिलेका केही सिसिपी अधिकारीहरूले आफ्नो शक्तिको दुरूपयोग गरेका थिए र सर्वसाधारण जनताको हुर्मत लिएका थिए । यसले गर्दा तिनीहरूप्रति गाउँलेहरूमा तीव्र घृणाको भाव जागेको थियो । भूमिसुधारको मौका पारेर गरीब किसानहरूले जमिन्दारविरुद्ध बदला लिएझैं साँस्कृतिक क्रान्तिको सुरुवातमा विद्रोहीहरूले शक्ति दुरूपयोगको अभियोगमा सिसिपी अधिकारीहरूलाई दण्डित गरेका थिए । साँस्कृतिक क्रान्तिका बेला सार्वजनिक आलोचना खाएका र भौतिक आक्रमण व्यहोरेका सिसिपीका अधिकारीहरूले विद्रोहीहरू विरुद्ध मनमा इवी लिने कुरा उनीहरूको लागि सही हुनसक्दथ्यो ।

विद्रोहीहरूको कुरा थियो -महान् अग्रगामी छलाङ्गका बेला केही सिसिपी हाकिमको अन्यायपूर्ण व्यवहारले सीमा नाघेको थियो । तिनीहरूले जनतालाई कामना दासभैं लादेका थिए र किसानहरू भोकभोकै मर्दा उनीहरू विलासी होटलहरूको निर्माणतिर लागेका हुन्थे । तर सिसिपीका अधिकारीहरू सोच्थे- हजारौं वर्षदेखि अधिकारीहरूले जे गर्दै आएका थिए उनीहरूले पनि मात्र त्यही गरेका थिए । उनीहले सत्ताको विशेषधिकार उपभोग गरेका थिए । अधिकारी भनेका आखिर अधिकारी थिए र सर्वसाधारण जनताभन्दा उनीहरूको धेरै अधिकार भनेका आखिर अधिकारी थिए र सर्वसाधरण जनताभन्दा उनीहरूको धेरै अधिकारहरू आफ्ना कार्यलाई पुष्टि गर्न खोज्दथे । मैले अन्तरवार्ता लिएका पहिलेका दर्जन सिसिपी अधिकारीहरू मध्ये कसैले पनि साँस्कृतिक क्रान्तिका बेला व्यक्तिगत रूपमा आफुहरूले भोगेका सास्तीका लागि उनीहरू जम्मैले "चारजनाको गिरोह" र विद्रोहीहरूलाई दोष लगाएका थिए ।

साँस्कृतिक क्रान्तिको उदाउँदो प्रजातान्त्रिक सँस्कृति दा मिङ्ग, दा फाङ्ग, दा वियानलुन र दाजीवाओ (विचारको महान् अभिव्यक्ति, महान् स्वतन्त्रता, महान् बहस र ठूला अक्षर पोष्टर) ले विद्रोही र साधारण जनतालाई शक्तिशाली बनाएको थियो । पार्टी नेताहरूले माओवादीको आफ्नो पवित्र सरकारी आचारसंहितालाई दृढतापूर्वक पालना गर्नुपर्ने आवाज उठाउँदै तिनीहरूले चिनियाँ परम्परागत नोकरशाही सँस्कृतिलाई चुनौती दिन थालेको थियो । साँस्कृतिक क्रान्तिको बेला विद्रोहीहरूको वर्चस्व कायम भएको हुँदा नयाँ राजनीतिक सँस्कृतिले जरा हाल्न थालेका थिए । परिणामस्वरूप, पहिलेका थुप्रै स्थानीय सिसिपीका हाकिम र अधिकारीहरू यस नयाँ परिपाटीमा मिलेर बस्न थालेका थिए । नयाँ शक्ति संरचनाभित्र अटाउन त्यो मात्र उनीहरूको विकल्प थियो । साँस्कृतिक क्रान्तिको सुरुवातमा अपमानित हुनु परेपनि जीमोका जम्मै पूर्व काउण्टी पार्टी अधिकारीहरू अन्तमा क्रान्तिकारी कमिटिको नयाँ शक्ति संरचनाभित्र समाहित भएका थिए । १९७६ मा माओ त्सेतुङ्गको देहवसान हुने बेलासम्म तिनीहरू नयाँ शक्ति संरचनाभित्र बसेर विद्रोहीहरूसँग काम गर्दै थिए ।

माओको देहवसानपछि चीनको राजनीतिक परिदृश्यमा तीव्र ढंगबाट फेरवदल आयो । केन्द्रमा चारजनाको गिरोहलाई गिरफ्तार गरिसकेपछि देशैभरिका सरकारी विभिन्न तहका पुराना पार्टी अधिकारीहरूले पूर्व विद्रोही नेताहरूलाई धरपकड गर्न सुरु गरे । उदाहरणको लागि हेनान प्रान्तको एउटा औद्योगिक शहर लुयाङ्गमा सयौं पूर्वविद्रोही नेताहरूलाई गिरफ्तार गरियो, शहर घुमाइयो र वेपत्ता पारियो । जीमोमा, पुनस्थापित पार्टीका पूर्व हाकिमहरू आफ्ना पूर्व चुनौतीवालाहरू माथि जाइलागे । महत्वपूर्ण सरकारी आहोदामा बसेका जीमोका जम्मै विद्रोही नेताहरूलाई तिनीहरूले निशाना बनाए । १९७७ को मेमा महत्वपूर्ण थुप्रै विद्रोही नेताहरूलाई कैद गरियो । पूर्व विद्रोही रेडगार्ड नेता र जीमो काउण्टी क्रान्तिकारी कमिटिको उपप्रमुख वाङ सिवोलाई कुनै खास अभियोगविनानै गिरफ्तार गरियो र एक वर्षभन्दा बढी जेलमा राखियो । उसका विरुद्ध अधिकारीहरूले कुनै अभियोग प्रमाणित गर्न नसकेपछि अन्तमा उ रिहा भयो । पूर्व विद्रोही नेता र जीमो हार्डवेयर फ्याक्ट्रीको सह म्यानेजर ल्यु शीसिङ्ग र पूर्व विद्रोही नेता चेङ्गगुआन कम्युनको उपप्रमुख गे देसिन दुवै जनालाई १९७७ को मे मा पदबाट बर्खास्त गरियो र १९७७ को नोभेम्बरमा गिरफ्तार गरियो । ठूलो संख्यामा भएको विद्रोही नेताहरूको गिरफ्तारीको विरोधमा, जीमो कृषि मेसिन फ्याक्ट्रीको पूर्व विद्रोही नेता जीयाओ चुआनफाले आत्महत्या गऱ्यो । १९७७ नोभेम्बरदेखि १९७९ बसन्तमा पुर्नगठित जीमो पार्टी कमिटिले पूर्व विद्रोही नेताहरूलाई छटनी गर्ने पहिलो वृहत स्तरको अभियान चलाए । छटनीमा कमै विद्रोही नेताहरू बच्न सफल भए ।

> पूर्व विद्रोहीहरू विरुद्ध राष्ट्रव्यापी रूपमा चलाइएको प्रतिशोधको उन्मादले पूर्व पार्टी नेताहरूलाई भैमा न भाडामा बनाएको थियो ।

१९८० को दशकको सुरुवातमा देङ स्याओपेङको सरकाले पूर्व विद्रोहीहरका विरुद्ध भनै ठूलो र वृहतस्तरको अभियान चलायो । पूर्व विद्रोहीहरूको अभियोग छानविनका लागि सरकारी विभाग, फ्याक्ट्री, विद्यालय, विश्वविद्यालय, अनुसन्धान केन्द्र जम्मैले विशेष कार्यालयको स्थापना गरे । ठूलो संख्यामा जनताले आफ्नो जागिर, घरबास गुमाए र साँस्कृतिक क्रान्तिमा गरेको आफ्नो अपराधका लागि थुप्रैलाई कैद गरियो । १९८३ डिसेम्बर ११ बाट जीमोको सिसिपी कमिटिले दोस्रो छटनी अभियान सुरु गऱ्यो । साधारण भन्दा साधारणसम्मका पूर्व विद्रोहीहरूलाई छटनी गर्न प्रत्येक सरकारी कार्यालय, विद्यालय, फ्याक्ट्री र गाउँहरूलाई आदेश दिइयो । साँस्कृतिक क्रान्तिको सुरुवातमा आफ्नो हैसियत गुमाउने अधिकारीहरूबाट आफ्नो व्यक्तिगत रिसइबीका आधारमा विद्रोहीहरूलाई अभियोग लाउने कार्यले तीव्रता पायो ।

पूर्व विद्रोहीहरू विरुद्ध राष्ट्रव्यापी रूपमा चलाइएको प्रतिशोधको उन्मादले पूर्व पार्टी नेताहरूलाई भैमा न भाडामा बनाएको थियो । उनीहरू आफ्नो कार्यलाई सही सावित गर्न प्रयत्न गर्दथे । "हुवान सियाङ्गतुआन" जमिन्दारहरू गाउँमा फर्केपछि वलियोलाई कमजोरले पराजित गर्न सक्दैन भन्दै फुई लाउने गर्दथे । १९८० को दशकमा पुर्नस्थापित पूर्व पार्टी नेताहरू पनि पूर्व विद्रोहीहरूलाई त्यही कुरा भन्थे । उनीहरू भन्ने गर्दथे- "नदीले बाटो बदल्छ, पूर्वबाट बग्ने नदी समयक्रममा पश्चिमबाट बग्न थाल्दछ । तैले फेरि अन्तमा मेरो अधिनमा आउनु पर्ला भनेर सोचेको थिइनस् होला, थिइस् त ?" १९७८ मा पुर्नस्थापित भइसकेपछि, स्यापो कम्युनको पूर्व पार्टी सचिव सय सियान माशान गाउँको पूर्व चुनौतीवाला भाओ सियानलाई भेट्न गयो । उ भाओलाई सुनाउन चाहन्थो भाओले अझ ठेलागाडा ठेल्दै गर्दा, उ आफू भने अहिले जीपमा चढ्न सक्ने भइसकेको थियो ।

राजनीतिक मौसममा आएको परिवर्तनसँगै आफ्नो पदोन्नतिका लागि पुर्नस्थापित पूर्व पार्टी नेताहरू पुनः प्राप्त आफ्नो सरकारी विशेषाधिकारलाई प्रयोग गर्दै थिए । जीमो काउण्टी पार्टी कमिटिको पुर्नस्थापित पूर्व सहसचिव ली सीली भन्थ्यो -"यु क्वान बु शी ग्वाउकी जो फेइ" (सकेको बेला आफ्नो शक्तिलाई प्रयोग गर) । १९८० र ९० को दशक ग्रामीण चीनको राजनीतिक मुलमन्त्र नै यही थियो । साँस्कृतिक क्रान्तिका वर्ष अँगाल्न वाध्य आफ्ना पवित्र सिद्धान्तलाई अधिकारीहरूले चाँडै रद्दीको टोकरीमा मिल्काइदिए । जीमो अन्न ब्यूरोको पूर्व प्रमुख सन सिवाओले साँस्कृतिक क्रान्तिको गैर-उच्चवर्गीय राजनीतिक सँस्कृतिलाई अँगालेको थियो । ६ जनामध्ये उसका चारजना केटाकेटी ग्रामीण इलाकामा काम गर्न गएका थिए । १९७६ मा गाउँबाट उच्च माध्यामिक विद्यालय उत्तीर्ण गरेपछि उसको कान्छो छोरो, सन यीङ्गजीनलाई उसको बाबु सन सिवाओले दक्षिण नदी गाउँको तेश्रो उत्पादन टोली अन्तरगत रही राति मल बोकेर खेतमा ओसार्ने जस्तो सबैभन्दा फोहोरी र सबैभन्दा कडा काम गर्न भनेको थियो । आफ्नो छोराले केही अनिच्छा देखाएपछि सनले उसलाई भन्यो- अरु मान्छे गर्न सक्छन्, तँ किन सक्दैनस् ? यदि तँलाई काम गर्न सुरुमा अप्ठ्यारो भयो भने म मद्दत गर्नेछु ।" तर १९८० मा राजनीतिक मौसममा परिवर्तन आएपछि उसले आफ्ना सम्पूर्ण केटाकेटीहरूका लागि सरकारी निकाय र फ्याक्ट्रीहरूमा राम्रा काम खोजिदिएको थियो ।

दक्षिण नदी गाउँको पार्टी सचिव गाउ युनलङ साँस्कृतिक क्रान्तिको दशक गाउँलेहरूसँग मिलेर वर्षमा तीनसय दिन काम गर्ने गर्दथ्यो । उ अन्य गाउँलेहरूसँग खेतमै खाना खान्थ्यो । गाउँलेहरूलाई थाहा थियो, उसको खाना आफुहरूको भन्दा पनि तल्लो स्तरको हुन्थ्यो, किनकी उसको ठूलो परिवार थियो । उसको छोरो पनि खेतमा अरुहरूले जस्तै काम गर्दथ्ये । आफुहरूसँगै रक्सी पिउन गाउलेहरूले गाउँ युनलुङकी स्वास्नीले उसलाई घरमा छिर्न दिदैनथी । तर १९७० को दशकको अन्त्यतिर राजनीतिक मौसममा परिवर्तन नहुने भनेर देङ स्याओपेङ्गले बाचा गरेपछि गाउँ शेर भयो । १९८२ पछि देखि उसले हाकाहाकी घुस लिन थाल्यो । गाउँलेहरूलाई भूमिहीन भिखारी बनाउँदै गाउँलेहरूसँग सरसल्लाहनै नगरी उसले गाउँको अधिकांश जग्गा विक्रि गऱ्यो । उसले सयभन्दा बढी बाहिरीयालाई गाउँको जग्गामा नयाँ घर निर्माण गर्ने अनुमति दियो । तिनीहरू मध्ये अधिकांश माथिल्लो सरकारी अधिकारीहरूका आफन्तजन थिए । सँगसँगै आफुलाई उपहार नटक्रयाएसम्म उसले आफ्ना थुप्रै गाउँलेहरूलाई गाउँको जग्गामा नयाँ घर निर्माण गर्न अनुमति दिएन । १९८४ मा उसले गाउँको कोषबाट एउटा टोयटा कार किन्यो र त्यसलाई आफ्नो नीजि जस्तो गरेर प्रयोग गर्न थाल्यो । उ आफ्नो छोरोलाई क्वाङ्गदाओ शहरको एउटा कलेजमा भर्ना गराउन सफल भयो । हप्ताको अन्तमा उसको छोरालाई कलेजबाट घर ल्याउन र हप्ताको सुरुमा उसलाई कलेज पुऱ्याउन त्यस गाउँको कारलाई प्रयोग गरिएको थियो ।

राजनीतिक मौसममा आएको परिवर्तनसँगै ठूला अक्षरका पोष्टर प्रयोग गर्ने अधिकारीहरूलाई चिनीयाँ संविधानबाट हटाइयो । ठूला अक्षरका पोष्टर र महान बहस मार्फत सर्वसाधरण जनताले आफ्ना नेताको आलोचना गर्न नपाउने भए । भ्रष्टचार र शक्तिको दुरूपयोग मौलायो । जनता क्रोधित थिए तर बोल्ने कसैको हिम्मत थिएन । ठूला अक्षरका पोष्टरको प्रयोग गर्ने प्रयासलाई "अर्को साँस्कृतिक क्रान्तिको सुरुवातको" संज्ञा दिइन्थ्यो । यसको परिणाम भयानक हुन सक्दथ्यो । १९९६ मा एउटा फ्याक्ट्रीको म्यानेजरले सार्वजनिक कोषको दुरूपयोग गऱ्यो किनकी त्यसको पर्दाफास गर्न कसैले आफ्नो नाम नखुलाई एउटा ठूला अक्षरको पोष्टर निकाल्यो । त्यो फ्याक्ट्री म्यानेजर क्रोधित भयो र सार्वजनिक रूपमा उसले पोष्टर लेख्नेका विरुद्ध अदालतमा नालिस गर्ने धम्कि दियो । उसले त्यसका लागि फ्याक्ट्रीको लेखापाल माथि शंका गऱ्यो । उसको गैरकानुनी कार्यका बारेमा लेखापाललाई विस्तृत जानकारी थियो । म्यानेजरले मनोमानी ढंगबाट लेखापाललाई उसको त्यस जिम्मेवारीबाट हटाइदियो र कारखानामा शारीरिक श्रम गर्न पठायो ।

माथि अथवा तल दुबैतिरबाट हुने राजनीतिक नियन्त्रणबाट उद्योगधन्दाका निर्देशकहरूलाई मुक्त गर्ने परिपाटीको थालनी १९८० को दशकको सरकारी उद्योगधन्दा माथिको संकटको एउटा प्रमुख कारण थियो । थुप्रै उद्योगधन्दाले आफ्ना मजदुरहरूलाई तलब खुवाउन नसकिरहेको अवस्थामा म्यानेजरहरू भने थप मोटाउँदै गएका थिए किनकी राज्यको श्रोतमाथि उनीहरूको नियन्त्रण कायम थियो । मान्छेहरूले यस्तो घटनालाई क्वीङ्ग मियाओ फु फाङभाङ (गरीब मठका धनी मठाधीश) को सन्दर्भसँग तुलना गरेर हेर्ने गरेका थिए । देङ स्याओपिङ्गले चाङ्ग भाङ्ग फुभेभी (म्यानेजर केन्द्रीत) प्रणालीलाई बढावा दिएको थियो । यसले सम्पूर्ण अधिकारलाई म्यानेजरको हातमा केन्द्रीत गरिदिएको थियो । यस नयाँ सम्पूर्ण अधिकारलाई म्यानेजरको हातमा केन्द्रीत गरिदिएको थियो । यस नयाँ प्रणालीमा, आफुले तलब कति दिने र मजदुरलाई कति लिने भन्ने बारे म्यानेजरहरूले निर्णय गर्दथे । कसैको सरसल्लाह बेगरनै तिनीहरू सार्वजनिक सम्पत्तिलाई बेचविखन गर्न सक्दथे । त्यसपछि देखि जीमोका थुप्रै म्यानेजरहरू विलासी विदेशी कारमा चढ्न थालेका थिए, भव्य महलमा बस्दथे, भव्य भोजभतेरमा रमाउँथे, रात्री क्लबहरूमा बारम्बार जाने गर्दथे र सार्वजनिक कोषको रमक उडाउँदै महँगो विदेशी भ्रमणमा निस्कने गर्दथे । अर्कोतर्क, उनीहरू मजदुरहरूलाई आवश्यक तलब दिन अस्वीकार गर्दथे । थुप्रै ठाउँमा विना उचित क्षतिपूर्ति मजदुरहरू कामबाट निकालिएका थिए । पुँजीवादी पश्चिमा मुलुकमा समेत कम्तिमा पनि म्यानेजरहरू मालिकहरूका प्रतिनिधि, सञ्चालक बोर्ड प्रति उत्तरदायी हुन्थे । तर देङ स्याओपेङको सुधारले सरकारी स्वामित्वका उद्योगधन्दाहरूका म्यानेजरलाई तानाशाह बनाएको थियो । उनीहरूलाई कोही प्रति जवाफदेही हुनु पर्ने आवश्यकता थिएन, समाजवादी उद्योगधन्दाका तथाकथित मालिक भनिने मजदुरहरू प्रतिको जवाफदेहीता त टाढाकै कुरा थियो । जीमोका मजदुरहरू भन्थे -उनीहरूले म्यानेजरको एउटा नयाँ वर्गको आशिर्वादमा बाच्नु परेको थियो ।


यस्तो अवस्थामा आफ्नो म्यानेजरहरूको कुसञ्चालनको विरोधस्वरूप केही ठाउँमा मजदुरहरूले फ्याक्ट्रीहरूलाई नै ध्वस्त गर्न थालेका थिए । म्यानेजरको कुसञ्चालन र फ्याक्ट्रीको कोषलाई दुरूपयोग गरेको विरोधमा क्रोधित मजदुरहरूले सामुहिक रूपमा फ्याक्ट्रीका उत्पादनलाई चोरी गर्न थालेपछि जीमो मासु प्रशोधन फ्याक्ट्री बन्द हुन पुगेको थियो ।

*(अपरिचित साँस्कृतिक क्रान्ति पुस्तकबाट)*

# यसरी टाट पल्टिदैछ अमेरिकी साम्राज्य

● जन वाइटहेड

म के भन्दैछु ध्यान दिनुहोस् ! "अमेरिकाको युद्ध खर्चले राष्ट्रलाई कङ्गाल बनाउने छ ।" किनकि अमेरिकाको युद्ध खर्चको कारण अहिले नै त्यसको थाप्लोमा २०० खरब डलर ऋणको भारी छ । ट्रम्प प्रशासनले विदेशमा रहेको आफ्नो सैनिक साम्राज्य धान्न र देशभित्र नाटकीय रूपले पुलिस राज्य विस्तार गर्न आर्थिक वर्ष २०१९ का लागि ४४ खरब डलरको बजेट अघि सारेको छ । यो भार थपिंदा संघीय घाटामा



७० खरब डलरको भार थप्नेछ । सिमानामा पर्खाल खडा गर्ने आफ्नो कुख्यात चाहनाका लागि ट्रम्प अमेरिकी करदाताहरूबाट रकम असुल्ने दाउमा छन् । नीति विश्लेषक स्टान कोलेन्डरले चेतावनी दिएका छन् कि ट्रम्प 'अहिलेसम्मका सबैभन्दा बढी घाटा र ऋण बढाउने राष्ट्रपति बन्नेछन् ।' उनको यस्तो कथन सत्य सावित हुँदैछ । स्मरणीय छ कि 'बजेट घाटा भनेको संघीय सरकारले कमाउने भन्दा बढी खर्च गर्ने अवस्था हो । सार्वजनिक ऋण अर्थात् राष्ट्रिय ऋण भनेको वर्षौं वर्षको बजेट घाटा पूर्ति गर्न संघीय सरकारले लिएको ऋणको परिणाम हो ।' अहिले अमेरिकी सरकारका सबै मोर्चाहरू ऋणैऋणले सञ्चालित छन्, तीबाट आयभन्दा बढी खर्च भइरहेकाछन् । खर्च धान्ने ऋणका लागि अमेरिकी सरकारले करदाताबाट असुल गरिरहेकोछ । यसले विदेशी सरकारहरू र सामाजिक सुरक्षाकोषबाट सरकार चलाउन र विदेशमा कहिलै समाप्त नहुने युद्ध सञ्चालन गर्न भारी मात्रामा ऋण लिइरहेको छ । यस्तै कार्यहरूबाट नै सबैजसो सैनिक साम्राज्यहरू यी क्यान्सरका कोष जसरी फैलने र नमरुन्जेल खर्च गराएर ढल्ने र असफल हुने गरेका छन् । रोममा यही भयो र अमेरिका यस्तै हुँदैछ । अमेरिकालाई विश्वको पहरेदार बन्नका लागि सुसज्जित सेना चाहिन्थ्यो हालका दशकहरूमा अमेरिकाले पुलिसहरूलाई समेत युद्ध मैदानमा प्रयोग गरिने हतियारले सुसज्जित तुल्याउँदै आफ्नो भूमिलाई विस्तारै रणमैदानमा परिणत गरिरहेको छ । पदभार ग्रहण गरेपछि राष्ट्रपति ट्रम्पले आफ्ना पूर्वजहरूले जस्तै सेनाका कदममा कदम मिलाउँदै अघि बढिरहेका छन् । अहिले विश्वमा अमेरिकी सैन्य विस्तारका लागि ७ खर्ब १६ अर्ब (७१६ विलियन डलर) को माग गरिरहेका छन् र थप प्रहरी भर्ती, थप कारागार निर्माण र लागुऔषधविरोधी युद्धरआतङ्कवाद विरोधी युद्ध/अपराध विरोधी युद्ध जस्ता नाफामूलक कार्यक्रमहरू सञ्चालन गर्न अरु अर्बौं डलर चाहन्छन्, जसले देशलाई सुरक्षित बनाउन त परै जावोस्, चौथो संसोधनको धज्जी उडाउने छ । पूर्वाधारका लागि माग गरिएको कोषले पनि राष्ट्रका जिर्ण अवस्थामा पुगेका सडक, पुल, रेलमार्ग, राजमार्ग, विद्युत ग्रीड र बाँधहरूको स्तरोन्नति गर्न सक्ने छैन । जुनसुकै तवरले बाँडफाट गरे पनि यो बजेट संघलाई परिपक्व बनाउन, न्यायपूर्ण अवस्था सिर्जना गर्न, घरेलु शान्ति स्थापना गर्न, आम सुरक्षाको प्रत्याभूति गराउन, आम रूपमा कल्याणकारी व्यवस्था कायम गर्न, वा अमेरिकी जनतालाई स्वतन्त्रताको आसिर्वाद प्रदान गर्न बनेकै होइन । चुनावी अभियानका क्रममा ट्रम्पले बजेट सन्तुलित बनाउने र भ्रष्टाचारको गन्दगी सफा गनेछु भनी गरेका वाचा हावादारी नै हुन् । टड्कारो आर्थिक सत्य त के हो भने सैनिक औद्योगिक कम्प्लेक्सहरूले गर्दा अमेरिका टाट पल्टिइरहेको छ रोगी, बृद्ध वा गरिबहरूका कारणले होइन । अनुसन्धान पत्रकार युरी फ्रेइडम्यान अनुसार विगत १५ वर्षदेखि संयुक्त राज्य अमेरिका क्रेडिट कार्ड लिएर आतंकवाद विरुद्ध लडिरहेको छ,' पेन्सन फण्ड जस्ता अमेरिकी संस्थाहरू र राज्य तथा स्थानीय सरकारहरू र चिन र जापान जस्ता देशहरूलाई अमेरिकी ट्रेजरी बण्ड बेचेर उठाएको ऋणबाट युद्धको खर्च धानिरहेको छ ।' आज भन्दा ५० वर्ष अगाडि राष्ट्रपति ड्वाइट डि आइजनहावरले सावधान गराए जस्तै हतियार उद्योग र पेण्टागनको बिचको गैह्रकानुनी मर्जर (गाभिने) अहिले आएर राष्ट्रको कमजोर पूर्वाधार माथिको सबैभन्दा ठूलो त्रास बनेको छ । अमेरिकालाई प्रति घण्टा २ करोड डलर ऋण लाग्दैछ । यो भनेको दैनिक १.५ खर्ब डलर हो । यसरी दिनप्रति दिन ऋणमा चुर्लुम्म डुबाउने काम हातहतियारका लोभी ठेकदार, भ्रष्ट राजनीतिज्ञ र असक्षम कर्मचारीहरूको मिलेमतोमा भइरहेको छ । स्मरण रहोस् कि यो ऋण अमेरिकी साम्राज्यको विदेशी भूमिमा लडिने युद्धका लागिमात्र हो । अझ, यसभित्र विश्व भरी फैलिएका अमेरिकाका १००० भन्दा बढी सैनिक अखाडाहरूको व्यवस्थापन र सैन्य तैनाथीको खर्च समावेश गरिएको छैन । गजब त के छ भने अमेरिकाले विश्व जनसङ्ख्याको ५ प्रतिशतमात्र ओगट्छ तर विश्वको कुल सैन्य खर्चको ५० प्रतिशत अमेरिकाले गर्दछ । यति सैनिक खर्च उपछिका १९ राष्ट्रहरूको संयुक्त सैन्य खर्च भन्दा बढी छ । स्मरणमा राख्नुहोस् अमेरिकाले युद्धमा गरिरहेको खर्च अमेरिकाका ५० राज्यहरूले स्वास्थ्य, शिक्षा, लोकहित र सुरक्षामा गर्ने कूल खर्चभन्दा बढी रकम हुन आउँछ । युद्ध सस्तो हुँदैन उपराष्ट्रपति माइक पेन्स, सिरियाली सिमा नजिकै अमेरिकी सैनिकहरूलाई स्वागत गर्दै, वनवरी २१, २०१८ । (ए पीरकेन थोमस) संघीय सरकारले रक्षा खर्चका विषयमा धेरै कुरा स्पष्ट नबताउने भएकाले वास्तविक खर्चको परिमाण प्राप्त गर्न कठिन छ, तापनि सन् २००१ यता अफ्गानिस्तान र इराक युद्धमा अमेरिकी सरकारले १८ खरब डलर भन्दा बढी अर्थात् प्रति घण्टा ८३ लाख डलर खर्च गरेको हामीलाई जानकारी छ । यसभित्र विश्वभर सञ्चालित अन्य युद्धहरू र सैनिक अभ्यासहरूको खर्च समावेश गरिएको छैन । यो खर्च बढ्दै गएर सन् २०५३ सम्ममा १२० खरब डलर पुग्ने अनुमान गरिएको छ । याद राख्नुहोस् ! भ्रष्टाचार, घुसखोरी र ब्याप्त असक्षमताले जेलिएका यी युद्धहरूले अमेरिकालाई सुरक्षित राख्न केही गरेका छैनन् बरु यसको उल्टो करदाताको पैसाबाट सैन्य औद्योगिक कम्प्लेक्सहरू र निजी क्षेत्रका रक्षा ठेकेदारहरू धनी भएका छन् । उदाहरणका लागि हालसालै नाम चलेको एउटा लेखापरिक्षण गर्ने संस्थाले पेन्टागनका ठूला एजेन्सीहरूमध्ये कुनैले पनि दशौं लाख डलर बराबरको बेरुजु खर्च फर्स्यौट गर्न सकेका छैनन् भन्ने निष्कर्ष निकालेको छ । एउटा मननयोग्य तथ्य के छ भने अफगानिस्तानमा खटाइएका प्रत्येक सैनिकमाथि अमेरिकी करबाट पैसा प्रतिवर्ष २१ लाख डलर खर्च हुन्छ । कल्पना गर्नुहोस् ! त्यति मात्राको रकम देशभित्रका आवश्यकता पूरा गर्न खर्च गरिएको भए के के गर्न सकिन्थ्यो । दुर्भाग्यवश ! निकट भविष्यमा यस्तो हुनेवाला छैन, जबसम्म वासिङ्टनका द्रव्यपिसाचहरूको पैसा स्वार्थअनुरूप निर्णयहरू गरिइन्छ र युद्धबाट लुट्न पाइन्छ । युद्ध ठूलो धनराशी कमाउने कारोवार बनेको छ र आफ्नो विशाल सैन्य साम्राज्यका कारण अमेरिका त्यसको उत्तम क्रेता र विक्रेता दुवै बनेको छ । अमेरिका सबैभन्दा ठूलो रक्षा बजेट भएको राष्ट्र मात्र नभएर त्यो विश्वको सबैभन्दा धेरै हातहतियार निर्यात गर्ने राष्ट्र पनि बनेको छ । अमेरिकी सैन्य-औद्योगिक कम्प्लेक्स आकार र फैलावटको हिसाबले इतिहासमै सबैभन्दा ठूलो बनेको छ जो पृथ्वीभरि नै दिर्घकालीन युद्ध संचालन गर्न निरन्तर समर्पित छ । उदाहरणको लागि देशभित्र सुरक्षा निगरानी खडा गर्ने क्रममा अमेरिकाले आफ्नो सैन्य साम्राज्य फैलाउन विश्वका १७७ वटा देशमा (विश्वका ७०५ देशहरू) आफ्नो सेना तैनाथ गरेको छ । त्यसका लागि विश्वभरि विलासी सैन्य संरचनाहरू निर्माण गर्न अर्बौं डलर गरिएको छ । उदाहरणका लागि इराकमा निर्मित अमेरिकी दूतावासलाई लिन सकिन्छ । 'बगदाद किल्ला' भनिने उक्त दुतावास १०४ एकड जमिनमा फैलिएको छ र १५ फिट चौडा पर्खालले घेरिएका ६ वटा आवाश भवन, सैनिक ब्यारेक, पौडी पोखरी र पसलहरू छन्, यसकारण अमेरिकाले आफ्नो दुतावासलाई 'शहर भित्रको शहर' भएको घमण्ड गर्छ । विश्वका धेरै स्थानमा रहेका अमेरिकी सैन्य अखडाजस्तै इराक अवस्थित एनाकोण्डा क्याम्प स्वीमिङ पुलहरू, फास्टफुड रेस्टुरेन्टहरू, सानो आकारको गल्फ कोर्स र सिनेमा घरहरू सहितको सानोशहरको रूपमा निर्माण गरिएको थियो । अधिकांश अमेरिकीहरूले आफ्ना घरलाई न्यानो वा शितल बनाउन नसकिरहेको अवस्थामा अमेरिकी सरकार अफगानिस्तान र इराकमा निर्मित सैन्य संरचनाहरूको एरकन्डिसन गर्नका लागि वार्षिक २ करोड डलर खर्च गरिरहेको छ । हामी इराक, अफगानिस्तान र अन्य स्थानहरूका मरुभूमिलाई शितल बनाउन खर्च गरिरहेका छौं । एक मिनट यस बारे सोचौं । सरकार अझ रक्षा विभाग र त्यसका ठेकेदाहरूका विषयमा बोल्दा आम मानिसहरू 'घमण्डी', 'भ्रष्ट' र 'असक्षम' जस्ता शब्दहरू त्यसै प्रयोग गर्दैनन्, यसका पछाडि जायज कारण छन् । उदाहरणका लागि सरकारको जवाफदेहीता कार्यालयले गरेको अध्ययनले पेण्टागनको ७० अर्ब डलर बराबरको बेरुजु फगत व्यवस्थापनमा असफल भएका कारण भएको थियो । तुलना गरेर हेर्दा उक्त रकम भनेको स्टेट डिपार्टमेन्टको ४७ अर्ब डलरको बार्षिक बजेटको डेढ गुणा रकम हो । सारमा इराकमा खटिएका जनरल डेभिड पेटडेः यसका बन्दोबस्ती सामग्री आपूर्ति प्रमुख रहिसकेका अवकाश प्राप्त ब्रिगेडियर जनरल स्टेभेन एन्डरसन अनुसार, 'हामी इराक, अफगानिस्तान र अन्य स्थानहरूका मरुभूमिलाई शितल बनाउन खर्च गरिरहेका छौं' । एक मिनट यस बारे सोचौं । सरकार अझ रक्षा विभाग र त्यसका ठेकेदाहरूका विषयमा बोल्दा आम मानिसहरू 'घमण्डी', 'भ्रष्ट' र 'असक्षम' जस्ता शब्दहरू त्यसै प्रयोग गर्दैनन्, यसका पछाडि जायज कारण छन् । उदाहरणका लागि सरकारको जवाफदेहीता कार्यालयले गरेको अध्ययनले पेण्टागनको ७० अर्ब डलर बराबरको बेरुजु फगत व्यवस्थापनमा असफल भएका कारण भएको थियो । तुलना गरेर हेर्दा उक्त र कम भनेको स्टेट डिपार्टमेन्टको ४७ अर्ब डलरको बार्षिक बजेटको डेढ गुणा रकम हो । जालसाजी ब्याप्त छ उदाहरणका लागि एउटा सरकारी लेखा परिक्षणमा बोइङ कम्पनीले करदाताहरूबाट अमुक पाटपुर्जाका नाममा कैयन गुणा बढी मुल्य असुलेको देखियो, फलस्वरूप अर्बौं डलर फजूल खर्च हुन पुग्यो । उक्त प्रतिवेदनअनुसार अमेरिकी करदाताले निम्नानुसार रकम भुक्तान गरेको देखियो । '४ सेन्ट पर्ने एउटा धातुको पिनका लागि ७१ डलर, १२.५१ डलर पर्ने एक रुपियाँको द्याकजस्तो सूक्ष्म गियरका लागि ६४४.७५४ डलर, अर्थात् ५१०० प्रतिशत बढी असुलेको देखियो । अर्को ७.७१ डलर पर्ने एक रुपियाको द्याक भन्दा सानो पुर्जाको १६७८.६१ डलर असुलेको देखियो, यसमा २१०० प्रतिशत मूल्य बढाइएको देखियो । त्यस्तै ४ सेन्ट पर्ने एक रुपियाँको द्याकभन्दा सानो पुर्जा र लाखौ मानिसले प्रयोग नगरेको सानो र पातलो धातुको पिनको ७१.०१ डलर असुलेको देखियोस् अर्थात् १,७७,००० प्रतिशत मूल्य वृद्धि । मूल्यवृद्धि अमेरिकी सैनिक साम्राज्यभित्र भ्रष्टाचारको सर्वस्वीकृत रूप बनेको छ । र तपाईं देशभित्र इन्धनको मुल्य बृद्धि हुनसक्छ भन्ने सोचिरहनु भएको छ भने कस्तो मुल्यमा देश बाहिर बेच्नका लागि अमेरिकी करदातालाई बाध्य पारिएको छस् इराक र अफगानिस्तानमा तैनाथ सैनिकहरूका निम्ति इन्धन पुऱ्याउन सबै खर्च जोड्दा हामीप्रति ग्यालन इन्धनका लागि १८-३० डलर तिरिरहेका छौं । भ्रष्टाचार, दुरूपयोग र फजुलखर्चबारे थुप्रै प्रतिवेदनहरू सार्वजनिक हुँदा पनि यस्ता नालायकीपनका जिम्मेवार मेगा कर्पोरेसनहरूलाई नै अर्बौं डरलका सैनिक ठेक्का दिइरहनु उदेक लाग्दो छ । इराक, अफगानिस्तान र अन्य ठाउँहरूमा किन अमेरिकी सैन्य तैनाथ



गरिरहनु पर्ने भन्ने प्रश्नको जवाफ फेरिइरहन सक्छ तर सरकार चलाउनेहरूले हरदम सैनिक औद्योगिक कम्प्लेक्सलाई पोषण गरिरहन्छन् । अल कायदालाई सिध्याउने भनी सन् २००१ मा थालिएको प्रयास सैनिक औद्योगिक कम्प्लेक्स र त्यसका निजी ठेकेदारहरूका जमातका लागि सुनखानीमा परिणत भयो । यो तथ्य पनि मनन गर्नुहोस्स् सन् २००८ मा आम अमेरिकी नागरिकले वार्षिक रूपमा जति कमायो त्यो भन्दा बढी पेन्टागनले इराकमा प्रति सेकेण्ड खर्च गर्यो । यस्तो वास्तविकतामा पनि कङ्ग्रेस र ह्वाइट हाउस करदाताहरूलाई राष्ट्रको बढ्दो घाटा नियन्त्रण सामाजिक सुरक्षा र मेडिकेयर जस्ता 'कानुनी हकहरू' मा कटौति मात्र अचुक उपाय हो भनी स्वीकार गराउन चाहन्छ । मार्र्टिन लुथर किङ जुनियरले भने जस्तै सैनिक साम्राज्य अन्तरगत युद्ध र त्यसको नाफा मानिसका आधारभूत मानवीय आवश्यकता माथि जहिल्यै हावी हुन्छ । स्पष्ट शब्दमा भन्दा हामी हाम्रो अति विस्तारित सैनिक साम्राज्य थेग्न सक्दैनौं । अफगानिस्तानमा कार्यरत एक बरिष्ट प्रशासनिक अधिकारी भन्छन्, 'पैसा भनेको ८०० पौण्डको नयाँ गोरिल्ला हो ।' उनी थप्छन्, 'पैसाले विवादलाई 'के यो रणनीतिले काम गर्छ' बाट 'के हामी यसलाई धान्न सक्छौं' पुऱ्याउँछ । र जब हामी यसरी हेर्न थाल्छौं मिसनको उद्देश्यलाई एकरति पनि वकालत गर्न सकिदैन भनेर बुझ्न थाल्छौं ।' वा एकजना टिप्पणीकर्ताले भनेका छन्, 'हाम्रो देशको भविष्यको ढोका बन्द भएको कुरालाई वकालत गर्न सकिदैन ।' अन्ततः सैनिक साम्राज्यहरू ढल्नेछन् के हामी रोम हौं ? का लेखक र भेनिटी फेयरका सम्पादक कलेन मर्फी लेख्छन् 'एक सहस्राब्दीपछि अमेरिकालाई चिन्न कठिन हुनेछ । त्यो राष्ट्र-राज्यको रूपमा अस्तित्वमा नरहन सक्छ- वा विल्कुनै नरहन पनि सक्छ । त्यो संक्रमण क्रमिक र शान्तिपूर्ण हुनेछ वा हठात र ध्वंसात्मक हुनेछ ? के हाम्रा सन्ततिहरूले समाजमा हामीले भोगेका भन्दा उत्तम उत्पादनशील जीन्दगी बाँच्नेछन् ? जे जस्तो भए पनि के अमेरिकी लिगेसीका (बर्चस्व) बहुमुल्य पक्षहरू आउँदो सभ्यताको धागोमा बुनिनेछ ? के ती दिनहरूमा इतिहासकारहरूसँग के अमेरिका साच्चै ढलेकै हो भनी सोध्ने कारणहरू हुनेछन् ?' हामी जुधिरहेको समस्या भनेको मेगा-कर्पोरेसनहरू, सुरक्षा-उद्योग कम्प्लेक्सहरू र च्याउसरी फैलिरहेको सेना भएको विकृत अमेरिकी साम्राज्यवाद बाहेक अरु केही होइन । र त्यसले निरपेक्ष प्रभुत्वको सपना देखिरहेको छ । यद्यपी, अन्ततः सबै सैनिक साम्राज्यहरू ढल्नेछन् एक सहस्राब्दी पछि अमेरिकालाई चिन्न कठिन हुनेछ । त्यो राष्ट्र-राज्यको रूपमा अस्तित्वमा नरहन सक्छ - वा विल्कुनै नरहन पनि सक्छ । त्यो संक्रमण क्रमिक र शान्तिपूर्ण हुनेछ वा हठात र ध्वंसात्मक हुनेछ? के हाम्रा सन्ततिहरूले समाजमा हामीले भोगेका भन्दा उत्तम उत्पादनशील जीन्दगी बाँच्नेछन्? जे जस्तो भए पनि के अमेरिकी लिगेसीका (बर्चस्व) बहुमुल्य पक्षहरू आउँदो सभ्यताको धागोमा बुनिनेछ? के ती दिनहरूमा इतिहासकारहरूसँग के अमेरिका साच्चै ढलेकै हो भनी सोध्ने कारणहरू हुनेछन् ? शक्तिको शिखरमा रहेका समयमा शक्तिशाली रोमन साम्राज्यले पनि आफ्नो खस्कदो अर्थतन्त्र र फैलदो सेनालाई देख्न सकेन । मूलरूपमा लामो समयसम्म लडिरहनु पर्ने युद्ध र झुटो आर्थिक समृद्धीले उसको अन्त्य निम्त्यायो । इतिहासकार चाल्मरर्स जोनसन भविष्यवाणी गर्छन्स् 'विगतका प्रजातान्त्रिक साम्राज्यहरूको नियतिले यस्तो द्वन्द्व धान्न सकिंदैन र त्यस्तो दुईमध्ये एक उपायबाट समाधान हुन्छ । रोमले साम्राज्यलाई जोगाउन खोज्यो र प्रजातन्त्र गुमायो । ब्रिटेनले प्रजातान्त्रिक रहने चाहना राख्यो र त्यस क्रममा आफ्नो साम्राज्य गुमायो । जानेर होस् ! वा नजानेर, अमेरिकाका जनता अप्रजातान्त्रिक साम्राज्यको मार्गमा अघि बढिसकेका छन् । मेरो विचारमा हाम्रा सामू विभिन्न कारणहरू र प्रभावहरूको संगम छ, जो फगत रोमसँग गरिने तुलनाभन्दा धेरै पर जानेछ । यो छद्मभेषी तानाशाही अर्थात् फासिवाद, सरकार र कर्पोरेट शक्तिहरूको गठजोडसहितको जर्ज अरवेलको १९८४ र विश्वभर फैलिएको सैनिक साम्राज्यसहितको पूर्ण निगरानी राज्य (तयतर्बा कगचखभर्षीबिलअभ कतबतभ) बिचको गठबन्धन हो । यसरी प्रहरीको सैनिकीकरण, सैन्यवादको बृद्धि र त्यसमाथि भरपर्नुलाई देशभित्रका र बाहिरका हाम्रा समस्याहरूको समाधानको रूपमा हामीले भोगिरहेको अवस्थाले अमेरिकी समाज संचालनका आधारभूत सिद्धान्तहरू माथि असर गर्छ । हामीले के हेक्का राख्नुपर्छ भने सैनिक साम्राज्य समानता र न्यायका उदात्त आदर्शहरूबाट होइन तरबारको शक्तिबाट संचालित हुन्छ । सेनामा भएका मानिसहरू प्राथमिक रूपले युद्ध सञ्चलन गर्न तालिम प्राप्त हुन्छन् शान्ति सम्बर्धन गर्न होइन । एउटा झट्का यदि अमेरिकी साम्राज्य ढल्यो र अमेरिकी अर्थतन्त्र ध्वंश भयो भने– र यसका साथै हाम्रो संवैधानिक गणतन्त्रको अवशेष भयो भने– यसको दोष सरकार र उसको खरबौं डलरको युद्ध बजेटलाई जान्छ । निश्चय नै सरकारले यस्तो अवस्था आउने अपेक्षा गरेको नै होला । यसै कारणले सरकारले अमेरिकालाई रणभूमीमा परिणत गरेको छ र राष्ट्रलाई निगरानी राज्यमा परिणत गरेको छ र 'हामी जनतालाई' बैरीका लडाकूको बिल्ला भिराएको छ । वर्षौदेखि सरकारले सेनासँग मिलेर आर्थिक मन्दी, कार्यमूलक राजनीतिक र कानुनी व्यवस्थाको अन्त्य, उद्देश्यमूलक घरेलु प्रतिरोध वा विद्रोह, ब्यापक स्वास्थ्य संकट र विध्वंसात्मक प्राकृतिक र मानव प्रकोपद्वारा सिर्जित जताततै फैलिएको नागरिक अशान्तिका विरुद्ध तयारी गरेको छ ।' अर्धशताब्दी भन्दा बढी विदेशी भूमिमा युद्ध निर्यात गरिसकेपछि, युद्धबाट नाफा आर्जन र राष्ट्रिय अर्थतन्त्रलाई लगभग युद्धको लुटमाथि आश्रीत बनाईसकेर, युद्धका गिद्धहरूले धेरै अघि देखि युद्धको लुट घरमा ल्याएर आफ्नो नाफाको भोक हामीमाथि खन्याइरहेछन् –सैन्य ट्याङ्कहरू, ग्रिनेड लञ्चर,, केभ्लार हेल्मेट, एसल्ट राईफल, ग्यास मास्क, गोलिगठ्ठा, ब्याटरिङ र्याम (पर्खाल भत्काउने ठूला यन्त्र), नाइट भिजन बाइनोकुलर आदि ल्याएर स्थानीय प्रहरीलाई हस्तान्तरण गरिरहेका छन्, र अमेरिकालाई रणमैदान बनाइरहेका छन् । आफ्नो पुस्तक 'ब्याटलफिल्ड अमेरिकास् दि वार अन अमेरिकन पिपल' मा मैले उल्लेख गरे जस्तै यसप्रकारले पुलिस राज्यले जित्ने छ र 'हामी जनताले' हार्ने छौं । ५० वर्षभन्दा अगाडि नै हाम्रा अगुवाहरूले हामीलाई नाफामुखी युद्धयन्त्रले हाम्रा स्वतन्त्रताहरू वा प्रजातान्त्रिक अभ्यासहरू माथि खतरा उत्पन्न गर्नेछ भनी सचेत गराएका थिए । हामीले त्यो चेतावनीलाई मनन गर्न असफल रह्यौं अमेरिकी सम्पादक समाजसमक्ष अप्रिल १६, १९५३ मा आइजनहावरले दिएको आफ्नो भाषणमा 'सैनिक-औद्योगिक कम्प्लेक्सलाई युद्ध चलाइरहने, राष्ट्रिय स्रोत साधन रित्याउने र राष्ट्रिय प्राथमिकताहरूबारे आदेश गर्ने छुट दिइरहियो भने त्यसको परिणाम गम्भीर भन्दा पनि ठूलो हुनेछ भनी स्वीकारेका छन् । उनले भनेका छन्- 'बनेका प्रत्येक बन्दुक, समुद्रमा छोडिएको युद्धपोत, हानिएको प्रत्येक रकेट भनेको भोक लागेर पनि खान नपाएका, जाडोले कठ्याङ्गिदा पनि कपडा लाउन नपाएकाहरू माथिको लुट (चोरी) हो । हतियारबन्द विश्व एक्लैले पैसा खर्चिरहेको छैन । उसले आफ्ना मजदुरहरूको पसिना खर्चिरहेको छ, वैज्ञानिकहरूको प्रविणता खर्चिरहेको छ र आफ्ना बालबालिकाहरूका सपना खर्चिरहेको छ । एउटा हेभी बमबर्षकको मूल्यले शहरमा ३० वटाभन्दा धेरै अत्याधुनिक विद्यालय बनाउन सकिन्छ । प्रत्येकले ६०,००० जनसंख्या भएको शहरमा विद्युत आपूर्ति गर्ने २ वटा विद्युत गृह । सुविधासम्पन्न २ वटा अस्पताल । ५० किलोमिटर लामो कंक्रिट सडकपेटी । हामी एउटा लडाकु विमानका लागि ५ लाग बुसेल (१ बुसेल.८ ग्यालन) गहुँको मूल्य खर्च गर्छौं । हामी एउटा विध्वंशक (मभकतचयथभच) का लागि ८००० मानिसलाई पुग्ने घर निर्माण गर्न पुग्ने रकम खर्च गर्छौं 'कुनै पनि साँचो अर्थमा यो जीवनशैली हुँदैहोइन । प्रत्येक युद्धको खतराको बादलमा मानवता फलामको क्रसमा झुन्डिरहेको हुनेछ ।'

*(रुदरफोर्ड इन्स्टिच्युट,मिन्ट प्रेस न्युजमा प्रकाशित यो लेख नेपाल रिडर्सका लागि दामोदर उपाध्यायले भावानुवाद गर्नुभएको हो ।)*

# क्रान्तिकारी अटोमेकानिक्स श्रमिक मजदुर संघको काठमाडौं अध्यक्षमा घिमिरे

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी अटो मेकानिक्स श्रमिक मजदुर संघ काठमाडौंको जिल्ला सम्मेलन सम्पन्न भएको छ ।

उक्त सम्मेलनले बैकुण्ठ घिमिरेको अध्यक्षतामा २१ सदस्यीय जिल्ला समिति गठन गरेको हो । सो कमिटिको उपध्याक्षमा प्रकाश श्रेष्ठ, राजकुमार थापा, सुधीर बस्नेत, सचिवमा बुद्ध लामा, कोषाध्यक्षमा अर्जुन कुमार र सदस्यहरूमा धीरज ठकुरी, मोहम्मद सहबुद्दिन, रामनारायण महतो, अशोक रत्न स्थापित, दिपक राना, प्रकाश श्रेष्ठ, दिपक विश्वकर्मा, नन्दु पण्डित, सार्की लाल तामाङ, बिजय साहनी, विरेन्द्र बोहरा लगायत रहनु भएको छ ।




देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सी.पी. गजुरेलको सारगर्भित मन्तव्य सहितको उद्घाटन र नेकपा (क्रान्तिकारी माओवादी)का जिल्ला इन्चार्ज कमरेड प्रवेश लगायत मजदुर नेताहरूको शुभकामना मन्तव्य सहित सम्पन्न भएको सो सम्मेलनमा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका संयोजक इश्वर तिमिल्सिना समेतको आतिथ्यता रहेको थियो ।

महासंघका कार्यालय सदस्य केशव सुवेदी, यातायात संघका अध्यक्ष कविन्द्र मोक्तान, महासंघका जिल्ला सचिव दिनेश वर्तौला लगायत अतिथिहरूबाट शुभकामना दिइएको सो सम्मेलनमा अ.ने.क्रा.अटो.मे.श्र.म.संघका केन्द्रीय महासचिव रमेश बोहराले संचालन गर्नुभएको उक्त कार्यक्रमको अध्यक्षता कुमार घतानेले गर्नु भएको थियो ।

---

## पार्टी...

गऱ्यो । कार्यक्रमलाई पार्टी महासचिव किरण र स्थायी समिति सदस्य राजवीरले सम्बोधन गर्नुभएको थियो भने कार्यक्रममा पार्टी पिविएम प्रभाकिरण लगायतका केन्द्रीय नेताहरूको बाक्लो उपस्थिति रहेको थियो । त्यसैगरी ७ वटै प्रदेशका विभिन्न जिल्लाहरूमा पनि पार्टी स्थापना दिवससँगै लेनिनको जन्म दिवस मनाइएको समाचार छ ।

सन् १८७० अप्रिल २२ का दिन रुसको सिम्बिर्स्कमा जन्मनुभएका लेनिनले सन् १८९२ देखि नमरुन्जेलसम्म आफ्नो जीवनको सम्पूर्ण समय कम्युनिस्ट क्रान्तिकारी सङ्घर्षमा लगाउनुभयो । लेनिनले मार्क्सवादको सही प्रयोग मात्र गर्नुभएन, मार्क्सवादका ३ सङ्घटक अङ्गहरूमा विकास गरेर मार्क्सवाद-लेनिनवादको प्रतिपादन समेत गर्नुभयो ।

लेनिनले क्रान्तिकारी कम्युनिस्ट पार्टीका बारेमा नै नयाँ अवधारणा निर्माण गर्नुभएको थियो । यस्तो खालको सङ्गठनात्मक पद्धतिलाई लेनिनवादी पद्धति भनिन्छ । त्यसलाई नयाँ ढङ्गको पार्टी पनि भनिन्छ । लेनिनले आफ्नो पालामा कम्युनिस्ट आन्दोलनको कार्यभारलाई समाल्दै रुसी समाज र विश्वको अध्ययन मसिनो गरी गर्नुभयो । उहाँले आविष्कार गरेका कैयौँ विषयहरूमध्ये कम्युनिस्ट पार्टीको साङ्गठनिक पद्धति हो । अहिलेसम्म लेनिनवादी सङ्गठनात्मक पद्धतिभन्दा नयाँ र वैज्ञानिक पद्धतिको विकास भएको छैन । त्यसैले लेनिनको सङ्गठनात्मक पद्धतिको खोज पनि एउटा महत्वपूर्ण योगदान हो ।

लेनिनले मार्क्सपछि अर्थशास्त्रमा नयाँ खोज गर्नुभयो । एकाधिकार पुँजीवादको व्याख्या गर्नुभयो । राजनीतिलाई अर्थतन्त्रको केन्द्रीय अभिव्यक्तिका रूपमा परिभाषित गर्नुभयो । साम्राज्यवादीहरूले आफ्नो सङ्कट र अन्तरविरोधलाई हल गर्न एकाधिकार पुँजीवादी नीति अवलम्बन गर्न पुगेका थिए । जसलाई लेनिनले सन् १९०० देखि प्रतिस्पर्धात्मक पुँजीवाद एकाधिकार पुँजीवादमा बदलिएको विश्लेषण गर्नुभयो । त्यसको १० वर्षपछि लेनिनले साम्राज्यवादबारे खोज गर्नुभयो । उहाँले 'साम्राज्यवाद भनेको पुँजीवादको विकसित र मरणासन्न अवस्था' रहेको पत्ता लगाउनुभयो । अहिले पनि विश्वको उत्पीडनको आधार साम्राज्यवादी नै रहेको छ ।

## देजमो....

भेलाले गुरुङको अध्यक्षतामा २५ सदस्यीय मोर्चाको नयाँ नेतृत्व चयन गरेको छ । जसमा सचिवमा कुमार शाह, सदस्यहरूमा क्रमशः धनबिर थारु, धनबहादुर शाही, महाजित थारु, भक्तराज काफ्ले, नरेन्द्र बञ्जाडे, शुसिला आचार्य, टिकामन बुढा, पुष्पा डीसी, डिलाराम घर्ति, पवित्रा घर्ति, पदम लामिछाने, अशोक थापा, केशव अधिकारी, ज्ञानीराम पुरी, अमर विक, आरपी शर्मा पोखेल, चिरिञ्जीवि काफ्ले, राजुप्रसाद खनाल, चुडामणी भण्डारी, अर्जुन तरामु रहनुभएको छ ।

यसअघि भेलाको उद्घाटन गर्दैं नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटव्यूरो सदस्य प्रमोदले मुलुकमा बढेको भ्रष्टाचार र बेथिति अन्त्यका लागि पार्टीले हस्तक्षेपकारी भुमिका खेल्नुपर्नेमा जोड दिनुभयो । उहांले विभिन्न समुहमा छरिएर रहेका क्रान्तिकारीहरूलाई एकीकरण र ध्रुवीकरण गर्ने अभियानमा पार्टी लागेको बताउनुभयो । भेलामा पार्टीका पूर्व केन्द्रीय सल्लाहकार मानध्वज श्रेष्ठ, क्रान्तिकारी पत्रकार महासंघका कार्यालय सदस्य लोकराज जैसी, अनेमसंघ(क्रान्तिकारी) की केस शुसिला आचार्य लगायतले बोल्नुभएको थियो । मोर्चाका संयोजक केबी गुरुङको अध्यक्षतामा सम्पन्न उक्त भेलाको संचालन अनेमसंघ (क्रान्तिकारी) की केस तेजकुमारी पुनले गर्नुभएको थियो ।

नयाँ निर्वाचित कार्यसमितिको बैठकले अध्यक्ष र सचिवसहित नरेन्द्र बन्जाडे, रामप्रसाद पोखरेल, महाजित थारु काँदर रहेको पाँच सदस्यीय सचिवालय गठन गरेको छ ।

## ओलीको...

जानुको कारण म पुनः मोदी क्याम्पमा फर्किसकेको छु भन्ने सन्देश दिन हो', उहाँले भन्नुभयो, "ओली अब नाकाबन्दीताका ओली रहेनन् ।'

उहाँले अरुण तेस्रो दिल्ली मै बसेर उद्धाटन गर्ने भनिएको कार्यक्रम जनताको विरोध र त्यसो गर्दा आफ्नो राष्ट्रवादको मुकुण्डो नराम्ररी उतारिने डरले अन्तिम समयमा आएर स्थगित भएको पनि नेता गजुरेलले बताउनु भयो ।

उहाँले महाकाली सन्धि गर्न ओलीको भूमिका कस्तो थियो भन्ने नेपाली जनताले भुलिनसकेको पनि बताउनु भयो ।

नेकपा (विप्लव)का नेता सन्तोष बूढा मगरले प्रचण्डलगायतका नेताहरू जनयुद्धदेखि नै भारतको इशारामा चलेको आरोप लगाउनु भयो । चुनबाङ बैठक, दिल्लीमा गरेको १२ बुँदे र शान्ति प्रक्रियामा आइसकेपछि शान्ति सम्झौतामा गरिएका सम्पूर्ण सम्झौताहरू बृहत डिजाइनमा भएको बुढाले बताउनु भयो ।

यस्तै, नेकपाका अध्यक्ष ऋषि कट्टेलले कम्युष्टिलाई साम्राज्यवादीहरूले राष्ट्रघाती काम गर्न उक्साउने गरेको भन्दै त्यसप्रति सचेत बन्नुपर्नेमा जोड दिनुभयो ।

नेकपा (मसाल)का प्रवक्ता रामप्रकाश पुरीले असमान सन्धिसम्झौताहरू खारेजी गरी पञ्चशिलका आधारमा परस्पर हीतमा आधारित रहेर नयाँ सन्धि गरिनु पर्ने विचार राख्नुभयो ।

कार्यक्रममा परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठले राष्ट्रिय स्वाधीनताका लागि सन् पचासलगायत असमान सन्धि सम्झौताहरूको खारेजी गरिनु पर्ने, सीमालाई व्यवस्थित गरिनु पर्ने, मुलुकभित्र निर्यातजन्य वस्तुको उत्पादनमा जोड दिनुपर्ने, गोर्खाभर्तीकेन्द्र खारेज गरिनु पर्ने विचार व्यक्त गर्नुभयो । पूर्व गर्भनर दीपेन्द्र बहादुर क्षत्रीले प्राकृतिक तथा मानवीय स्रोतसाधन विदेशीलाई बेचेर मुलुकमा आर्थिक विकास सम्भव नहुने भन्दै त्यसका लागि त्यसको सही सदुपयोग गर्नुपर्ने विचार राख्नुभयो । सीमाविद् बुद्धिनारायण श्रेष्ठ, जलस्रोत विज्ञ दीपक ज्ञवालीले पनि भारतसँग गरिएका असमान सन्धिसम्झोता खारेज गरिनुपर्ने विचार राख्नुभएको थियो ।

नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य रामसिंह श्रीसले अध्यक्षता गरेको उक्त कार्यक्रमको सञ्चालन नेकपाका नेता आजादले गर्नुभएको थियो ।

## लेनिनका...

दूतावासले केरुङमा आयोजना गरेको दुई पक्षीय छलफलमा नेपाली पक्षले कृषि उत्पादनको निकासी वृद्धिका लागि नेपालबाट जारी हुने "फाइटो स्यानिटरी" प्रमाणपत्रका आधारमा निकासी सहज बनाइदिन आग्रह गरेको थियो । बैठकमा सहभागी रसुवाका प्रमुख जिल्ला अधिकारी चोमन्द्र न्यौपानेकाअनुसार निर्यात गर्न चाहेको स्थान र सामग्रीको सूची चीनले मागेको हो । नेपालबाट चीनतर्फ हुने कृषिजन्य सामग्री निर्यात पछिल्ला वर्षहरूमा बढ्दो छ । तर चीनबाट हुने आयतको तुलनामा नेपाली वस्तुको निकासी थोरै मात्रै छ ।

प्लान्ट क्वारेन्टाइन चेकपोष्ट टिमुरे (रसुवा) का अनुसार आर्थिक वर्ष २०७४र७५ को पहिलो ६ महिनामा चीनतर्फ हुने निर्यात ३१६.३९ प्रतिशतले वृद्धि भएको छ । नेपालबाट बाँसको मुडा, काठको टेबल र अम्रिसोको कुचोसहित तीन करोड २० लाख रूपैयाँ बराबरको सामाग्री निकासा भएको छा चीनतर्फबाट भने १ अर्ब ७२ लाख रूपैयाँको आयत भएको छा व्यापार घाटाको यो खाडल पुर्न नेपालले निर्यात सहजीकरणका लागि चिनियाँ पक्षसँग आग्रह गरेको हो ।

## माकेका...

नेपालमा जनयुद्धको कार्यभार क्रान्तिकारी माओवादीले मात्र पूरा गर्ने भन्दै माओवादी केन्द्रमा रहेका इमान्दार क्रान्तिकारीहरूलाई उक्त पार्टी परित्याग गरी क्रान्तिकारी माओवादीमा ध्रुवीकृत हुन वक्तव्यमा आव्हान समेत गर्नुभएको छ ।

## फासीवादी...

स्थानबाहेकका ठाउँमा धर्ना, जुलुस तथा विरोध प्रदर्शन गर्न लगाएको रोकलाई फासिवादी निर्णयको संज्ञा दिंदै उक्त निर्णय तत्काल सच्याउन माग गरेको छ । क्रान्तिकारी माओवादी काठमाडौं सचिव सरुले ७ बैशाखमा एक वक्तव्य जारी गर्दै सरकारको यस्तो निर्णयले जनताको विद्रोह गर्न पाउने नैसर्गिक अधिकार कुण्ठित गरेको भन्दै त्यसको घोर भर्त्सना गरिएको छ ।

वक्तव्यमा भनिएको छ, 'केही समय अगाडि काठमाण्डौ जिल्ला प्रशासन कार्यालयमार्फत् गृह मन्त्रालयको निर्णय भनि शान्ति सुरक्षा कायम राख्न काठमाण्डौ जिल्लाको सातवटा स्थान बाहेक अन्य स्थान वा सडकमा कुनै धर्ना, जुलुसलगायतका प्रदर्शन गर्न नपाउने गरि आएको सार्वजनिक सूचना शान्तिपूर्ण भेला हुन पाउने संविधान प्रदत्त हकलाई कुण्ठित गर्ने, अभिव्यक्ति स्वतन्त्रता र विद्रोह गर्ने जनताको नैसर्गिक अधिकारको विरुद्ध र लोकतान्त्रिक मुल्य मान्यता विपरीत कदमको रूपमा लिदै र यस परिघटनाले सरकार अधिनायकवादी शासन लाद्ने प्रक्रियामा उद्यत रहेको संकेतको रूपमा लिएका छौं ।

यसर्थ हाम्रो पार्टी ने.क.पा.( क्रान्तिकारी माओवादी), काठमाडौं जिल्ला समिति राज्यको यसप्रकारको फासिवादी निर्णयको भर्त्सना गर्दै सो निर्णय तुरुन्त सच्याउन माग गर्दछ र जनताको विद्रोह गर्ने अधिकारको सम्मान गरि धर्ना, जुलुस र प्रदर्शनको नैसर्गिक अधिकारको विपरित कुनै सीमा नतोक्न अनुरोध गर्दछ ।'


**नव वर्ष २०७५ को**

शुभ अवसरमा हाम्रा यात्रु महानुभाव एवं देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सञ्जिव रोका
अध्यक्ष

मोहनलाल भट्टराई
महासचिव

तथा

**सिद्धार्थ यातायात व्यवसायी समिति**
प्रधान कार्यालय, भैरहवा रूपन्देही

**सडक सुरक्षा तथा संरक्षणसम्बन्धी सार्वजनिक अपिल**

सडक विभाग, व्यापारिक मार्ग विस्तार आयोजना, बेलहिया-बुटवल सडक अन्तर्गत वेलहिया देखि बुटवल गोलपार्क चिडियाखोलासम्म ६ लेन सडक विस्तारको कार्य भईरहेको, सडक संरचना हामी सबैको सार्वजनिक सम्पत्ति भएकोले सबै नागरिकहरूलाई सडक अनुशासनको पालना गर्न सर्वजनिक अपिल गरिन्छ ।

- सडकसँगै लगाईएका फुल तथा रुख विरुवाहरू संरक्षण गर्ने सबैको दायित्व भएकोले यसको संरक्षण गरी हरियाली बनाऔं ।
- सडक संरचनामा निर्माण गरिएका रेलिङ्ग तथा कर्भस्टोनको संरक्षण गरौं ।
- जेब्रा क्रसिङ्गबाट मात्र बाटो काटने गरौं, सम्भावित दुर्घटनाबाट बचौं बचाऔं ।
- सडक किनारामा जथाभावि पार्किङ्ग नगरौं ।
- पैदल यात्रीले सडक किनाराको पेटी मात्र प्रयोग गरौं ।
- सडक पेटी तथा फुटपाथ अधिकरण नगरौं ।
- सडक किनारामा तथा सडक पेटीमा मालसमान/सवारी साधन निर्माण सामाग्री राखी आवत जावतमा अवरोध नगरौं ।
- साईकल तथा रेक्सा चालकले सर्भिस रोड मात्र प्रयोग गरौं ।
- सबै सवारी साधनहरूले लेन अनुशासन कायम गरौं ।

**व्यापारिक मार्ग विस्तार आयोजना**
**वेलहिया-बुटवल सडक**
मणिग्राम, रूपन्देही

**फोहर व्यवस्थापनमा हाम्रो भूमिका**

**व्यक्तिको भूमिका :**

- बजार जाँदा कपडाको झोला लिएर जाऔं, प्लास्टिक झोला प्रयोग नगरौं ।
- सकेसम्म कम प्याकेजिङ भएका वस्तुहरूको प्रयोग गरौं ।
- कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै भाडोमा जम्मा गरौं ।
- घरमा जम्मा भएको कुहिने फोहोरलाई घरमै कम्पोष्ट बनाऔं ।
- प्लास्टिक, कागज, धातु, सिसा जस्ता नकुहिने फोहोरलाई बेचेर आम्दानी बढाऔं ।
- फोहोरलाई जथाभावी फाल्दै नफालौं, जम्मा गरेर राखेको फोहोर संकलन गर्ने संस्थालाई दिऔं ।

**संस्थागत भूमिका :**

- आफ्नो कार्यालय, पसल, विद्यालय वा संस्थामा प्रयोग नहुने कागज तथा प्लास्टिकलाई संकलन गरी कवाडीलाई बेच्ने बानी बसालौं ।
- कुहिने फोहोरलाई कम्पोष्ट बनाऔं ।
- सामानलाई पुनः प्रयोग गर्ने बानी बसालौं, यसले फोहोर घटाउन मद्दत गर्दछ ।

**समुदायको भूमिकाः**

- आफ्नो समुदायमा पुनः प्रयोगीय वस्तु छुट्टै संकलन गर्ने प्रर्णाली शुरु गरौं ।
- जथाभावी फोहोर नफाली घरघरमै फोहोरलाई व्यवस्थापन गर्न समुदायलाई प्रोत्साहन गरौं ।
- आफ्नो समुदाय वा छिमेकका विद्यालयहरूलाई वातावरण क्लब गठन गरी फोहोर व्यवस्थापनसम्बन्धी कार्यक्रमहरू गर्न प्रोत्साहन गरौं ।

**तिलोत्तमा नगरपालिका**
मणिग्राम, रूपन्देही

## नेपाली...

प्रकट भयो ।

४. २०१४ सालमा दोस्रो महाधिवेशन सम्पन्न भयो । राजतन्त्र पक्षधर डा.केशरजंग रायमाझीलाई महासचिव बनाइयो । महाधिवेशनमा नयाँ जनवादको पक्षपोषण गरिए पनि दस्तावेजमा उल्लेख गरिएन । परन्तु गणतन्त्रको नारा पारित भयो । यस महाधिवेशनमा नयाँ जनवादको पक्षमा नउभिनु गल्ती भएको थियो ।

५. २०१७ साल पुस १ गते राजाद्वारा गरिएको फौजीकाण्डपश्चात् दरभंगामा पार्टीको केन्द्रीय प्लेनम आयोजित गरियो । त्यहाँ राजनीतिक कार्यनीतिका रूपमा संविधानसभाको निर्वाचनलाई स्वीकार गरियो । तर त्यसलाई केन्द्रीय समितिले मानेन ।

६. २०१९ सालमा सम्पन्न पार्टीको तेस्रो महाधिवेशनमा पार्टी रुसी आधुनिक संशोधनवादको प्रभावमा पऱ्यो । र, आधारभूत राजनीतिक कार्यक्रमका रूपमा राष्ट्रिय प्रजातन्त्र र मूल राजनीतिक कार्यनीतिका रूपमा सर्वसत्तासम्पन्न सार्वभौम संसदलाई स्वीकार गरियो । तुलसीलाल अमात्यलाई महासचिव बनाइयो । तेस्रो महाधिवेशनमा पार्टी आधुनिक संशोधनवादको प्रभावमा दक्षिणपन्थी संशोधनवादको भासमा फस्यो ।

७. तेस्रो महाधिवेशनपश्चात् पार्टीमा तीव्र दुईलाइन संघर्ष चल्यो । यसै प्रक्रियामा तुलसीलालको 'कुन बाटो' र पुष्पलालको 'मूल बाटो'का बीच तीव्र विवाद भयो । रूपमा मूल बाटो केही सकारात्मक जस्तो देखिए पनि सारमा दुवैका बीच तात्विक अन्तर थिएन । यसै क्रममा पार्टी विभिन्न समूहमा विभाजित भयो ।

८. पार्टीमा विभाजनको प्रक्रियामा दक्षिणपन्थी संशोधनवादी धारामा (१) राजतन्त्रवादी रायमाझी समूह तथा (२) खश्चोभपक्षीय राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम स्वीकार गर्ने तुलसीलाल समूह देखापरे भने क्रान्तिकारी धारामा मार्क्सवाद, लेनिनवाद-माओविचारधारा तथा नयाँ जनवाद पक्षधर- (१) २०२५ सालमा तेस्रो सम्मेलन गर्ने पुष्पलाल समूह, (२) २०२८ सालको झापा विद्रोही समूह तथा (३) २०२८ सालमा केन्द्रीय न्यूक्लियस गठन गरी २०३१ सालमा चौथो महाधिवेशन सम्पन्न गर्ने समूह विकसित भए । पुष्पलाल समूहका कतिपय कमी तथा सीमा रहे पनि आधुनिक संशोधनवादको विरोध गर्ने र माओविचारधारा, नयाँ जनवाद, दीर्घकालीन सशस्त्र संघर्षलाई अंगीकार गर्ने काममा क.पुष्पलालको नेतृत्वदायी भूमिका रह्यो । कतिपय कमी तथा सीमा रहे पनि दक्षिापन्थी संशोधनवादको विरोधमा झापा विद्रोही समूहको महत्वपूर्ण भूमिका रह्यो । यसैगरी केन्द्रीय न्युक्लस तथा चौम समूहबाट नयाँ जनवादलाई स्वीकार्दै विभिन्नखाले अवसरवादका विरुद्ध संघर्षमा महत्वपूर्ण भूमिका खेलियो । परन्तु मोहन विक्रमको नेतृत्वमा 'गद्दार पुष्पलाल' शीर्षक प्रस्ताव पारित गर्नुमा केन्द्रीय न्युक्लसको गम्भीर गल्ती भएको थियो । साथै देशभक्त जनतान्त्रिक शक्तिको सरकारको मूल कार्यनीति निर्धारामा पनि केही कमजोरी भयो ।

९. २०३१ सालमा चौथो महाधिवेशन सम्पन्न भयो । यसमा नयाँ जनवादको आधारभूत राजनीतिक कार्यक्रम र देशभक्त तथा जनतान्त्रिक शक्तिहरूको सरकारको मूल राजनीतिक कार्यनीति पारित गरियो । यसमा मोहनविक्रम सिंहलाई महामन्त्री बनाइयो । पार्टीमा क्रान्तिकारी र अवसरवादी पक्षबीच अन्तरसंघर्ष चल्दै गए । यस प्रकारका अन्तरसंघर्षहरूमा कैयौं अस्वस्थ प्रकारका थिए । त्यसैक्रममा २०३७ को जनमत संग्रहमा बहुदलको पक्षमा जाने नीति स्वीकार गरियो । त्यसैबेला विभिन्न समाजवादी देशहरूसहित चीनमा प्रतिक्रान्ति भएको कुरा पनि स्वीकार गरियो । अन्ततः अस्वस्थ दुईलाइन संघर्षका साथै कतिपय वैचारिक मतभेदका कारण पार्टी विभाजित भयो । लामा समूह अलग्गियो । समग्र चौथो महाधिवेशनको धारामा कतिपय कमी कमजोरी तथा सीमा रहे पनि मूलतः त्यो क्रान्तिकारी धारा नै थियो । २०३८ सालमा सम्पन्न चौथो केन्द्रीय समितिको प्लेनममा चीनमा प्रतिक्रान्ति शीर्षक दस्तावेज पारित गरिनु ऐतिहासिक महत्वपको कदम थियो ।

१०. २०४१ सालमा पार्टीको पाँचौ महाधिवेशन भयो । नयाँ जनवाद तथा दीर्घकालीन जनयुद्धमा आधारित आम कार्यदिशा पारित गरियो । देशभक्त तथा जनतान्त्रिक शक्तिहरूको सरकारको मूल राजनीतिक कार्यनीतिलाई हटाइयो । सत्ता जनतामा हस्तान्तरणको मूल राजनीतिक कार्यनीति स्वीकार गरियो । अस्वस्थ दुईलाइन संघर्ष र कतिपय वैचारिक मतभेदका कारण पार्टी पुनः दुई समूहमा विभाजन हुन पुग्यो ।

११. यस क्रममा नेपाली कम्युनिष्ट आन्दोलनमा विभाजन र उपविभाजनका क्रम अझै अघि बढे । पुष्पलाल समूहमा विभाजन प्रक्रिया अघि बढ्यो । राष्ट्रिय सांस्कृतिक मोर्चा, रोहित समूह, रूपलाल समूह आदि बने । यसै प्रक्रियामा झापा विद्रोही समूह माले समूहमा विकसित भयो । यस क्रममा विभिन्नखाले एकीकरण र ध्रुवीकराका प्रक्रिया पनि अगाडि बढे ।

१२. २०४६ को ऐतिहासिक जनआन्दोलनपश्चात यस प्रकारको ध्रुवीकरा र एकीकरणको प्रक्रिया तीव्र रूपमा अगाडि बढ्यो । यसक्रममा एकातिर नेकपा मशाल, (नेकपा (चौम) अर्थात् लामा समूह, सर्वहारावादी श्रमिक संगठन तथा विद्रोही मसाल मिलेर एकीकरण प्रक्रिया अगाडि बढ्यो । २०४८ मा नेकपा एकता केन्द्रको निर्माण भयो । यसले २०४८ मा एकता महाधिवेशन गरी मार्क्सवाद-लेनिनवाद-माआवाद, नयाँ जनवाद तथा दीर्घकालीन जनयुद्धको आम कार्यदिशा अंगीकार गऱ्यो । यो गुणात्मक महत्वको क्रान्तिकारी कदम थियो ।

१३. ठीक यसै क्रममा नेकपा माले, मनमोहन समूह तथा तुलसीलाल समूहका बीचमा एकीकरणको प्रक्रिया अघि बढ्यो । २०४७ सालमा महाधिवेशन भयो । त्यसमा क्रान्तिकारी तथा अवसरवादी पक्षका बीचमा भीषण दुईलाइन संघर्ष चल्यो र अन्ततः नयाँ जनवादलाई परित्याग गरी बहुदलीय जनवादको संशोधनवादी कार्यक्रम तथा कार्यदिशा अंगीकार गरियो ।

१४. दीर्घकालीन जनयुद्धको प्रक्रियामा जाने वा नजाने भन्ने विषयमा गम्भीर मतभेद पैदा भई नेकपा एकता केन्द्र विभाजित भयो । दीर्घकालीन जनयुद्धका पक्षधरद्वारा नेकपा (माओवादी) गठन गरियो । लामा समूह नेकपा (एकता केन्द) मै रह्यो ।

१५. नेकपा (माओवादी)द्वारा २०५२ साल फागुन १ गते महान् जनयुद्धको ऐतिहासिक पहल गरियो । जनयुद्धले रणनीतिक रक्षा र सन्तुलनको चरण हुँदै विकसित भयो । देशव्यापी रूपमा अस्थायी आधार इलाका तथा जनसरकारहरू बने । जनसत्ता र जनमुक्ति सेनाको निर्माण भयो । जनयुद्धले ग्रामीण इलाकामा स्थानीय शोषक तथा जालीफटाहाहरूको हैकम तथा कांग्रेसी गुडागर्दीलाई एकदमै निस्तेज पारिदियो । यसप्रकारको परिघटनाबाट देशभित्र मात्र होइन, विश्वभर राम्रो प्रभाव पऱ्यो । नेपाल विश्वका क्रान्तिकारी कम्युनिष्टहरू र शोषित पीडित जनसमुदायका लागि एक आकर्षणको केन्द्र बन्यो ।

१६. महान् जनयुद्धको पछिल्लो कालखण्डमा दक्षिणपन्थी संशोधनवादी नेतृत्वले वर्गीय तथा राष्ट्रिय आत्मसमर्पणवादका साथै भारतीय विस्तारवादसित साँठगाँठ गर्न पुग्यो । यसै क्रममा शान्तिप्रक्रिया अगाडि बढ्यो । पार्टीमा विद्यमान दक्षिणपन्थी संशोधनवादी नेतृत्वले नयाँ जनवादी क्रान्तिलाई गलत दिशामा मोड्न र जनयुद्धको अवसान गर्नका लागि नियोजित रूपमा अनेकौं षड्यन्त्रमूलक गतिविधिहरू सञ्चालित गऱ्यो । चुनवाङको के.स.को बैठकमा लिइएको लोकतान्त्रिक गणतन्त्रको नीति, १२ बुँदे सम्झौता, विस्तृत शान्तिसम्झौता, जनमुक्ति सेनाको नेपाली सेनामा विलयन, संविधानसभामा लोकतान्त्रिक गणतन्त्र तथा संसदवादका लागि गरिएको कसरत- आदि यिनै नियोजित षड्यन्त्रमूलक गतिविधिका केही प्रमुख अभिव्यक्ति हुन् । फलतः नेपाली नयाँ जनवादी क्रान्तिले गम्भीर धक्का खान पुग्यो । साथै, यस प्रक्रियामा क्रान्तिकारी पक्षबाट पनि कतिपय कमी, कमजोरी तथा सीमा रहन गएका छन् । यस सन्दर्भमा प्रचडपथलाई स्वीकार्नु, सैद्धान्तिक, राजनीतिक तथा सांगठनिक क्षेत्रमा आवश्यक सतर्कताको अभाव, अवसरवादसित प्रभावकारी ढंगले वैचारिक तथा राजनीतिक संघर्ष चलाउनु नसक्नु आदि उल्लेखनीय रहेका छन् । यसै प्रक्रियामा पार्टीमा भीषण दुईलाइन संघर्ष चल्यो र दक्षिणपन्थी नव संशोधनवादसित सम्बन्ध विच्छेद गरी नेकपा -माओवादीको गठन भयो । यो निकै महत्वपूर्ण ऐतिहासिक परिघटना थियो । यसपश्चात् पार्टीमा विभिन्न दुईलाइन संघर्ष, विभाजन, एकीकरण र ध्रुवीकरणका विभिन्न प्रक्रिया अघि बढ्दै आएका छन् ।

१७. नेपाली कम्युनिष्ट आन्दोलनको समीक्षा गर्दा नेपालमा चल्दै आएका विभिन्न किसान आन्दोलन, जनआन्दोलन र सशस्त्र संघर्षबारे पनि छोटो चर्चा गर्न आवश्यक छ । २०१० सालको आसपासमा मधेसमा बारा, पर्सा, रौतहट र पश्चिमको डडेलधुरा क्षेत्रमा सामन्ती, जमिन्दार र सूदखोरका विरुद्ध किसान आन्दोलन विकसित भए । त्यसबेलादेखि कुनै न कुनै रूपमा देशका विभिन्न क्षेत्र तथा जिल्लाहरूमा किसान आन्दोलनहरू चल्दै, रोकिदै, मत्थर बन्दै र विकसित हुँदै आएका छन् । यसैगरी देशीय सामन्तवाद र साम्राज्यवाद/विस्तारवादका विरुद्ध पनि विभिन्न ढंगका जनआन्दोलन चल्दै आएका छन् । त्यति मात्र होइन नेपालमा सशस्त्र संघर्ष पनि सञ्चालित हुँदै आएका छन् । अरुको कुरा छोडौं नेपाली कांग्रेससम्मले पनि राणा शासन र पञ्चायती व्यवस्थाको विरोधमा बन्दुक उठायो । भीमदत्त पन्तको किसान आन्दोलन पनि सशस्त्र ढंगको थियो । आखिर सशस्त्र र संघर्षप्रति कम्युनिष्टहरूको कस्तो दृष्टिकोा रह्यो ? यो विशेष माननीय विषय हो ।

एकथरि नामधारी कम्युनिष्टहरू शान्तिपूर्ण बाटोको कुरा गर्दछन् । तिनलाई छाडौं । अर्काथरि कम्युनिष्टहरू सशस्त्र संघर्षको कुरा त गर्दछन् परन्तु हमेसा जनसंघर्षलाई प्रधान बताउँदै आएका छन् र उनीहरूका लागि सशस्त्र संघर्ष कहिल्यै प्रधान बन्न सकेन । उनीहरूले हमेशा स्वःस्फूर्त जनसंघर्षले सशस्त्र संघर्ष फड्को हान्ने कुरा गरिरहे, परन्तु त्यसका लागि कहिल्यै सचेतन र योजनाबद्ध ढंगले तयारीका काममा लागेनन् । अनेकौं किसान आन्दोलन र जनआन्दोलनहरू त भए, तर योजनाबद्ध तथा सचेत तयारीको नीति, कार्यदिशा र नेतृत्वको संकल्प, साहस आदिको अभावका कारण तिनले सशस्त्र संघर्षमा फड्को मार्न सकेनन् ।

भारतको नक्सलवादीमा सञ्चालित सशस्त्र किसान संघर्षको घनगर्जन तथा रापतापबाट प्रभावित हुँदै झापाका क्रान्तिकारी कम्युनिष्टहरूद्वारा सशस्त्र छापामार विद्रोहको उद्घोष गरियो र त्यसले वर्गदुश्मन तथा दक्षिणपन्थी अवसरवादीहरूलाई आतंकित तुल्यायो । नेपाली कम्युनिष्ट आन्दोलन सल्बलायो पनि । परन्तु, सुदृढ र परिपक्व बन्न नपाउँदै त्यो सेलाउँदै गयो । अन्ततः त्यस धाराको नेतृत्वले नयाँ जनवादको परित्याग गरी बहुदलीय जनवादलाई स्वीकार गर्न पुग्यो । नेपाली कम्युनिष्ट आन्दोलनमा ठूलो धक्का लाग्यो ।

ठीक यसै पृष्ठभूमिमा कम्युनिष्ट आन्दोलनमा चल्दै आएका फूट, निस्क्रियता, निराशा तथा यथास्थितिलाई चिर्दै र दक्षिणपन्थी संशोधनवादका विरुद्ध विचारधारात्मक संघर्षलाई तीव्र बनाउँदै नेकपा (माओवादी) मैदानमा आयो । लामो तथा योजनाबद्ध तयारीपश्चात् त्यसले २०५२ साल फागुन १ गते सामन्तवाद र साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध नेपालमा नयाँ जनवादी गणतन्त्रको स्थापना गरी समाजवाद र साम्यवादतर्फ अगाडि बढ्ने उद्देश्यमा आधारित रही महान् जनयुद्धको ऐतिहासिक पहल गऱ्यो । त्यो नेपाली जनवादी क्रान्तिको इतिहासमा एक युगान्तकारी परिघटना थियो । महान् जनयुद्धले प्रतिक्रियावादी राज्यसत्ताको भीषण दमन र दक्षिणपन्थी संशोधनवादीहरूद्वारा तेर्स्याइएका अनेकौं चुनौतीहरूको सामना गर्दै दश वर्षको अवधि पार गऱ्यो । यद्यपि जनयुद्धले गम्भीर धक्का खाएको छ, परन्तु क्रान्ति जारी छ । जनयुद्धमा अभिव्यक्त जनता तथा जनयोद्धाहरूका त्याग, वीरता तथा बलिदानका कीर्तिमान र समृद्ध अनुभवमा आधारित शिक्षाबाट आगामी क्रान्तिका लागि प्रचुर ऊर्जा प्राप्त हुनेछ ।

१८. अहिले विभिन्न प्रकारका एकीकरण तथा ध्रुवीकरण र दुईलाइन संघर्षका जटिल प्रक्रियाका बीचबाट हामी अगाडि बढेका छौं । नेकपा -माओवादी र नेकपा (एकीकृत) का बीचमा एकता गरी हामीले नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)को निर्माण गरेका छौं । आज हामी झापा विद्रोहको प्रक्रियामा विकसित मालेबाट एमाले तथा पुनः माले हुँदै चौथो महाधिवेशनका मशाल, मसाल, चौम, एकताकेन्द्र, एकीकृतसहितका समूहका विभिन्न धारा-उपधारा तथा माओवादीका विभिन्न धारा-उपधारा तथा नेकपा (मालेमा)का रूपमा संगठित बन्दै, पुष्पलाल, रोहित पक्षका विभिन्न धारा उपधारा हुँदै, विभिन्न सम्मेलन वा महाधिवेशन सम्पन्न गर्दै आ-आफ्ना ढंगका अन्तरसंघर्ष तथा दुईलाइन संघर्षका जटिल प्रक्रिया पार गर्दै अन्तमा नेकपा न्युक्लियससहित नेकपा (क्रान्तिकारी माओवादी)मा एकताबद्ध भएका छौं । हामी आ-आफ्ना संगठनमा आबद्ध भई सामन्तवाद र साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका लागि वर्गसंघर्ष, जनआन्दोलन वा जनयुद्धमा संलग्न रहिआएका छौं । हाम्रो यो एकता सही विचारधारात्मक तथा राजनीतिक कार्यदिशामा आधारित रहेको छ । र, हामीले यो एकतालाई अझै सुदृढ तुल्याउन आवश्यक छ । मार्क्सवाद-लेनिनवाद-माओवाद, नयाँ जनवाद, नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोह, जनवादी केन्द्रीयताको सही अभ्यासलगायतका मान्यतामा आधारित रही आवश्यक बहस, छलफलका साथै एकता, संघर्ष र उच्चस्तरको नयाँ एकताका आधारमा हामी नयाँ ढंगको कम्युनिष्ट पार्टी निर्माणको प्रक्रिया अगाडि बढिरहेका छौं । नेपाली नयाँ जनवादी क्रान्तिले गम्भीर धक्का खाएको, कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी संशोधनवादको हैक तीव्र रूपमा बढ्दै आएको र साम्राज्यवादी भूमण्डलीकरणको प्रक्रिया तेजीका साथ अगाडि बढेको वर्तमान सन्दर्भमा ती सबै चुनौतीको सामना गर्दै दृढतापूर्वक अगाडि बढ्न हामी प्रतिबद्ध रहिआएका छौं ।

१९. नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासबाट सिक्नुपर्ने पाठहरू मूलतः यस प्रकार रहेका छन् :-


पहिलो, माथि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनबाट सिक्नुपर्ने पाठबारे जुन कुरा उल्लेख गरिएका छन्, ती सामान्यतः नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा पनि लागू हुँदै आएका छन् । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा जस्तै नेपाली कम्युनिष्ट आन्दोलन पनि एकता, संघर्ष, फुटसम्म पनि र पुनः नयाँ आधारमा नयाँ एकताका प्रक्रियाका बीचबाट विकसित हुँदै आएको छ ।

दोस्रो, नेपाली कम्युनिष्ट आन्दोलनमा कतिपय प्रसंगमा असैद्धान्तिक तथा अराजनीतिक हिसाबले पनि फुट हुने गरेका छन् । यस सन्दर्भमा नेतृत्वका स्वभाव र भूमकिाले पनि काम गरेको पाइन्छ । अन्ततः फुटको मुख्य कारण विचारधारा, राजनीति तथा कार्यदिशा नै रहेको कुरा स्पष्ट छ ।

तेस्रोत, आज दक्षिणपन्थी अवसरवाद प्रभावी बन्न गएको छ । त्यसले सिर्जनशीलता, नवीनता र मौलिकताको नाममा क्रान्तिकारी कार्यकर्ताहरूको ठूलो हिस्सालाई भ्रमित तुल्याउँदै आएको छ । त्यसले जडसूत्रवादको विरोधको नाममा अनुभववाद र दक्षिणपन्थी संशोधनवादलाई अँगाल्ने गरेको छ ।

चौथो, क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्त, राजनीति तथा नेतृत्वको विशेष महत्व हुन्छ । पार्टीमा सही र गलत बीचका संघर्षको प्रक्रियामा यी विषयबारे सचेत बन्नुपर्दछ । सही पक्षको जगेर्ना गर्ने र गलत पक्षलाई सच्याउनेबारे विशेष जोड दिनु पर्दछ ।

पाँचौ, क्रान्तिकारी कम्युनिष्ट पार्टीको निर्माण क्रान्तिका लागि हो । क्रान्तिकारी विचारधारा र कार्यदिशाका आधारमा हामीले क्रान्ति गर्न योग्य, अनुशासित तथा एकताबद्ध नयाँ ढंगको पार्टी निर्माणका लागि विशेष प्रयत्न गर्नु पर्दछ ।



वैशाख ३ देखि २०७५ वैशाख ३१० गतेसम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



## कर्मचारीभित्र विकास विरोधी नियत

**वैशाख ४ गते ।** कार्यान्वयनमा नआए पनि हिजोआज निकै चर्चामा रहेको मार्क्सवादमाथि शंका उत्पन्न हुन थालेको छ, 'यो कतै ट्रमवाद र मोदीवाद त हुने होइन ?' सत्तारुढ एमालेका उपमहासचिव घनश्याम भुषालले त एउटा कार्यक्रम मै भनिदिए, 'अब मार्क्सवाद ट्रमवाद र मोदीवाद हुने त होइन ?' अर्ध सामन्तवादमा रुमलिएको नेपालभन्दा अलिक फरक ढंगले चलिरहेको उत्तर कोरिया पनि सुस्त-सुस्त ट्रमवादमा लस्किइरहेका वेला यो सवाल उठ्नु स्वाभाविकै हो तर जनताको जीवनस्तर एकइञ्च पनि नउठिरहेका वेला सामन्तवाद र अर्धसामन्तवादको घेराभित्र उभिएर मार्क्सवाद भट्याइरहनुको अर्को अर्थ के नै रहन्छ र ? देशभक्तले ग्रसित हुनेहरूले सोच्नेवेला आएन र !

**वैशाख ५ गते ।** हिजोआज यातायात व्यवसायीहरूको सिण्डिकेटका विषयमा व्यवसायी र सरकार बीच निकै घम्साघम्सी चलेको छ । साढेलाई फसल भित्र्याउने वेलामा बालीमा छोड्यो भने के गर्छ ? त्यही गरिरहेका छन् यातायात व्यवसायीहरूले । विगतको सरकारले गरेको मनपोलिमा रमाएका यि व्यवसायी यतिवेलाको सरकारी ऐठन सहन सकिरहेका छैनन्, सहुन पनि कसरी ? राजस्वसमेत नतिरी सरकारले निर्माण गरिदिएको सडकमा गाडि गुडाएर आम्दानी हसुर्न पल्किएका व्यवसायी आफैंमा छट्पटाहट हुने नै भयो । यतिवेला सरकारले जुन कदम चालेको छ, त्यो कदम अत्यन्तै राम्रो छ, खलासीले यात्रुलाई हप्काउँदै हिड्ने सस्कारको पनि एकैचोटी अन्त्य हुनु राम्रो हो तर विगतको इतिहास नदोहोरिएला भन्ने कुरामा शँकै छ ।

**वैशाख ६ गते ।** अस्ति वैशाख २ गतेदेखि प्रधानमन्त्रीदेखि प्रान्तका मुख्यमन्त्रीसम्मले अभिभावकत्व ग्रहण गर्दै केही गरिब विद्यार्थीलाई विद्यालयमा भर्ना गर्दै ह्विडेको समाचारले पत्रिकाका पन्ना भरिएको देखिन थालिएको छ तर राज्यसत्ताको नेतृत्व गरिरहेका नेताहरूका लागि सबै देशवासीको आफ्नै अभिभावत्व ग्रहण गर्नुपर्ने होइन र !

**वैशाख ७ गते ।** मुलुक संघीयतामा त गयो, यो संघीयता देशले थाम्छ कि थाम्दैन, थाम्छु भन्नेहरू नै जानुन् तर प्रदेश नं. ३ को राजधानी हेटौंडामा राखेकोमा कसैले पनि त्यति चासो राखेको पाईदैन । प्रदेश नं. ३ र मकवानपुरको हेटौंडा कहाँ मधेसको चुरेभावर कहाँ रसुवाको हिमाली पहाड र सिन्धुपाल्चोका गाउँहरू । हो, प्रान्तीय राजधानी राख्दा त्यो ठाउँको विकास त होला तर हिमाली भेगमा बस्ने नागरिक प्रान्तको राजधानी जान तीन दिन लाग्ने हुँदा ती नागरिकले कसरी प्रान्तीय देशको महसुस गर्लान् ? एकपटक प्रान्तको नक्सांकन गर्ने विद्वान मित्रहरूले सोच्ने कि ?

**वैशाख ८ गते ।** महालेख परीक्षकको कार्यालयले यो वर्षको लेखा परीक्षणको प्रतिवेदन राष्ट्रपतिलाई बुझायो । यो बुझ्ने र बुझाउने प्रक्रिया पुरानै हो तर प्रतिवेदनमा उल्लेख गरिएको बेरुजुको डँगुर कहिले सफा हुने हो ? यो मात्रै चिन्ताको विषय हो ।


**बैसाख ९ गते ।** असारे विकासको मौसम सुरु भैसकेको छ । जति अर्ति दियो उति प्वाल देख्ने निजामती कर्मचारीले बिगतका वर्षमा झैं यो वर्ष पनि समयमा काम नगरेर आर्थिक वर्षको अन्त्यमा बजेटमात्रै सिध्याउने योजना बुनिरहेका छन् । दैनिक एक अर्व खर्च गर्दा पनि असार मसान्त भित्र नसकिने बजेटको दुरूपयोगभित्र पनि बेरुजुका डंगुर लाग्छन् । यस्तो समस्याको समाधान खोज्न अर्थशास्त्रीहरू किन सक्तैनन् ?

**वैशाख १० गते ।** परराष्ट्रमन्त्री प्रदिप ज्ञवाली चीनको भ्रमण सकेर स्वदेश फर्किएका छन् । प्रधानमन्त्रीको भारत भ्रमणपछि लगत्तै चीन पुगेका ज्ञवालीको भव्य स्वागत गर्दै चीनले नेपालको विकासमा सघाउने प्रतिबद्धता व्यक्त गरेको छ तर त्यो प्रतिबद्धताको पछि लागेर सच्चाइमा रूपान्तरण गर्ने क्षमता नेपालीसँग छैन । किनकि मित्रशक्ति र शत्रुशक्ति को हो भनेर छुट्याउने दिमाग नेपालमा छैन । निजामती कर्मचारीले दुतावासबाट तलव भत्ता खाएका हुन्छन र उनीहरू कै मुलाहिजामा लाग्छन् यो पनि एउटा विकास विरोधी सस्कार हो ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
टिकट सम्पर्क : डिल्लाराम रेग्मी (९८५२०७०२९४)
फोन नं. : ०२६-४६०२९४
बुकिङ, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रौतहट
फोन नं. : ०१-४१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।



हिमाल-तराई यातायात सेवा समिति
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८१
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३१२८४३०
टाटासुमो बोलेरो
काठमाडौं फोन
०१-५१००४९४
९८४११०६९६७
९८४४४०३५५१
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चावहिलसम्मको टिकट पाइन्छ ।
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०५५६९८
९८६०१०२७३७
९८४४००८४००

## आलोपालो

# पार्टी अनुशासनबारे माओ



• माओ

"अनुशासनले कार्यदिशा कार्यान्वयनको सुनिश्चित गर्छ, यो बिना, पार्टीले विजयी संघर्ष संचालनका निमित्त जनता र सेनालाई नेतृत्व गर्न सक्ने छैन ।" अध्यक्ष माओको यो निर्देशिकाले अनुशासन तथा कार्यदिशाका बीचको सम्बन्धलाई गहिरो गरी स्पष्ट गर्दछ, यसले पार्टीको कार्यदिशालाई लागु गर्ने र यसका जुझारु कार्यभारलाई सम्पन्न गर्ने काममा क्रान्तिकारी अनुशासनको महत्वलाई दर्शाउंछ । पार्टीको संगठनात्मक अनुशासन यसको कार्यदिशाद्वारा निर्धारित हुन्छ र साथै कार्यदिशाको कार्यान्वयनलाई सुनिश्चित गर्दछ । अध्यक्ष माओले परिभाषा गर्नु भए अनुसार समाजवादको पुरै ऐतिहासिक अबधी भरीका लागि पार्टीको आधारभूत कार्यदिशा मार्क्सवादी-लेनिनवादी कार्यदिशा हो र यो हाम्रो सबै कामको लागि आधारभूत सिद्धान्त हो । यो कार्यदिशामा दृढतापूर्वक अडिएर मात्र पार्टीमा सर्बहारावादी अनुशासनलाई बलियो बनाउन र पुरा पार्टीको "सोचाई, नीति, योजना, कमाण्ड र कार्बाहीमा सच्चा एकता" प्राप्त गर्न संभव छ । यो कार्यदिशा छाडनु र गलत कार्यदिशा लागु गर्नुको अनिवार्य अर्थ पार्टीको सर्बहारावादी अनुशासनलाई ध्वंश गर्नु हुन्छ र सर्बहारा वर्गको एकीकृत विचारको सबै कुरा अर्थहीन हुन जान्छ । अनुशासन र कार्यदिशाका बीचको सम्बन्धको एउटा पक्ष यो हो । अर्को तिर, पार्टीको कार्यदिशालाई लागु गर्ने काममा सर्बहारा वर्ग र आम क्रान्तिकारी जनतालाई नेतृत्व गर्न मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधाराको आधारमा उच्चस्तरको केन्द्रीयता र आम पंक्तिको एकता सुनिश्चित गर्नका निम्ति हाम्रो पार्टीलाई एकीकृत अनुशासन आवश्यक पर्दछ । एकीकृत एकता छैन भने, प्रत्येकले आ□नै तरिकाले चल्छ र चाहे अनुसार गर्छ भने, दिशामा र काममा एकता छैन भने पार्टीको आधारभूत कार्यदिशा लागु गर्न र पार्टीलाई सर्बहारा वर्गको नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने बनाउन गाह्रो हुन्छ ।

सर्बहारा वर्गको अधिनायकत्वको अबधीमा पार्टीभरी एकै प्रकारको अनुशासन लागु गर्ने कुरा सधै भन्दा बढी महत्वपूर्ण छ । किनभने, यो अवधीमा हामीले सबै प्रारंभिक संगठनहरूमा सर्बहारा वर्गको अधिनायकत्वलाई सुदृढ गर्ने आधारभूत कामलाई राम्रो गरी अगाडी बढाउनु पर्दछ, हामीले समाजवाद निर्माणको गति बढाउनु पर्दछ, आन्तरिक रूपमा पूंजीवादको पूनर्स्थापनालाई र वाऱ्यरूपमा साम्राज्यवाद तथा सामाजिक साम्राज्यवादद्वारा हुन सक्ने आक्रमण तथा विद्रोहलाई रोक्नु पर्दछ, यो सर्बहारा अनुशासनलाई बलियो बनाएर मात्र गर्न सकिन्छ । लेनिनले औल्याउनु भयो, "जसले सर्बहारा वर्गको पार्टीको फलामे अनुशासनलाई थोरै भएपनि कमजोर पार्छ (खास गरी सर्बहारा अधिनायकत्वका बेला) त्यसले सर्बहारा वर्गका विरुद्ध बुर्जुवालाई सहयोग गरेको हुन्छ ।" यसले स्पष्ट देखाउंछ कि पूजीवादबाट साम्यवाद तर्फ संक्रमणको ऐतिहासिक अवधी भरी हामीले सर्बहारा वर्गको अधिनायकत्वलाई सुदृढ बनाउन र पूजीवादको पुनर्स्थापना रोक्नका निम्ति सर्बहारा वर्गको फलामे अनुशासनलाई निरन्तर बलियो बनाई राख्नु पर्दछ । पार्टीको अनुशासनलाई कमजोर पार्ने उद्देश्यको कुनै कामले वस्तुतः सर्बहारा बर्गका विरुद्ध लडन, सर्बहारा वर्गको अधिनायकत्वलाइ कमजोर पार्न र ध्वंश गर्न समेत पूजीपति वर्गलाई फाईदा पुऱ्याउंछ ।

पार्टी अनुशासनलाई बलियो बनाउनु पर्ने बारे हामीलाई अध्यक्ष माओले बारंबार सिकाउनु भएको छ । दोस्रो क्रान्तिकारी गुहयुद्धका बेला माओले आ□नो कृति पार्टीमा गलत विचारलाई सुधार्ने बारेमा पार्टीको अनुशासन नमान्ने अतिजनवाद खोज्ने, संगठन अस्वीकार गर्ने र अन्य हानीकारक प्रवृत्तिहरूको निर्मम ढङ्गले आलोचना गर्नु भएको थियो । यसमा वहांले पार्टीले पारित गरेका दस्ताबेजहरूलाई मान्नु पर्छ, यसको अनुशासनलाई सम्मान गर्नु पर्दछ भन्ने कुरामा जोड दिनु भयो र पार्टी तथा सेना निर्माण गर्दा वैचारिक तथा सांगठनिक हिसाबले अवलंबन गर्नु पर्ने दिशाबारे व्याख्या गर्नु भयो । जापान विरोधी प्रतिरोध युद्धका बेलामा अध्यक्ष माओले उदारबादको विरोध गर भन्ने अर्को एउटा उत्कृष्ट कृति रचना गर्नु भयो जसमा वहांले सिङ्गो पार्टीले मार्क्सवाद-लेनिनवादको क्रान्तिकारी स्पिरिट सहित उदारवादमाथि कसरी विजय प्राप्त गर्ने भन्ने बारे सिकाउनु भयो । चाङ्गको थाओको अवसरवादी कार्यदिशाका विरुद्धको संघर्षको अनुभवलाई समीक्षा गरी अध्यक्ष माओले पुन एक पटक एकीकृत पार्टी अनुशासनको महत्व बारे जोड दिनु भयो र तीखो गरी औंल्याउनु भयो कि "अनुशासनका बुंदालाई जो सुकैले उल्लंघन गरे पनि त्यसले पार्टी एकतालाई खलबल्याउंछ ।" (१४१) मुक्ति युद्धका बेला अध्यक्ष माओले घोषणा गर्नु भयो, "सेना अगाडि बढछ, उत्पादन बढछ । जव हाम्रो अनुशासनको भाव मजबुत हुन्छ हामी क्रान्तिमा सधैं विजयी हुन्छौं," (१४२) यसरी आम पार्टी, सेना तथा जनतालाई देशव्यापी विजयको निर्देशन दिनु भयो । पुरा देशको मुक्ति पछि, अध्यक्ष माओले पार्टीको अनुशासनलाई मजबुत बनाउनु पर्ने आवश्यकतामा बारंबार जोड दिनु भएको छ र स्वतन्त्रता र अनुशासनका बीचको द्वन्द्वात्मक संबन्धमा प्रकास पार्नु भएको छ । लिन पियाओको पार्टी बिराधी गुटलाई हराउन पार्टी, सेना र जनतालाई नेतृत्व गर्ने क्रममा अध्यक्ष माओले "तीन गर र तीन नगर" भन्ने तीन आधारभूत सिद्धान्तहरू सुत्रबद्ध गर्नु भयो र "कार्यकर्ताहरू, जनताहरू र पार्टी सदस्यहरूलाई अनुशासनका तीन नियम र ध्यान दिनु पर्ने आठ बुंदा पढाउनु पर्ने" आवश्यकता औल्याउनु भयो । यो निर्देशनका कारण पूंजीवादको पुनर्स्थापना गर्ने लिन पियाओको पार्टी विरोधी गुटको आपराधिक षडयन्त्रलाई पूर्णतः ध्वंश गर्न जनताहरू सक्षम भए । अध्यक्ष माओ आफैले दिनु भएको प्रशिक्षणको परिणाम स्वरूप लामो क्रान्तिकारी संघर्षको प्रक्रियामा अनुशासनलाई सम्मान गर्ने कुरा हाम्रो पार्टीको एउटा गौरवशाली परंपरा र पार्टीको एकतालाई सुदृढ गर्ने तथा दुश्मनलाई हराउने शक्तिशाली हतियार बनेको छ ।

पार्टीको मार्क्सवादी-लेनिनवादी कार्यदिशा बदल्न र गोप्य फुटबादी गतिविधी संचालन गर्नका निम्ति सबै अवसरवादी कार्यदिशा अंगालेका नेताहरूले पार्टी अनुशासनको विरोध गर्न सधैं हर उपायहरू प्रयोग गरेका छन र यसलाई ध्वंश गर्न सब कुरा गरेका छन् । छन तु शु, वाङ्ग मिङ्ग र चाङ्गको थाओदेखि लिउ शाओ ची, लिन पियाओ र यस्तै अरु ठगहरूले हाम्रो पार्टीको ईतिहास भरी यस्तै गर्दै आएका छन् । तिनीहरू सबै पार्टीलाई ध्वंश गर्न चाहने संकीर्ण, फुटवादी र गुण्डाहरू थिए । जहासम्म लिन पियाओ र उस्को पार्टी विरोधी गुटको कुरा छ, एकातिर तिनीहरूले उत्तेजनामा आएर पार्टीको केन्द्रीकृत अनुशासनलाई ध्वंश गरे, पूजीवादी मूख्यालय खडागरे, अध्यक्ष माओद्वारा नेतृत्व गरिएको केन्द्रीय समितीको विरोध गरे, विद्रोह मार्फत सत्ता कब्जागर्न प्रयत्न गरे भने अर्को तिर, तिनीहरूले आफ्नो पार्टी विरोधी गुटभित्र पार्टी अनुशासन पालना गर्नु पर्छ भन्ने बहानामा फासीवादी अनुशासन लागु गरे । यो सबै पार्टीको आधारभूत कार्यदिशालाई विरोध गर्ने र प्रतिक्रान्तिकारी संशोधनवादी कार्यदिशा लागु गर्ने उद्देश्यमा आधारित थियो । हामीले पार्टी अनुशासनलाई ध्वस्त गर्ने लिन पियाओ र कंपनीका अपराधहरूलाई गहिरो गरी आलोचना गर्नु पर्दछ र हामीले अनुशासनलाई सुदृढ र मजबुत बनाउन प्रयत्न गर्नु पर्दछ ।

*(चिनियाँ कम्युनिष्ट पार्टीबारे आधारभूत बुझाई पुस्तकबाट)*

## लेनिनका...

नसक्ने विचार महासचिव किरणले व्यक्त गर्नुभयो ।

लेनिनले मार्क्सवादका तीन संघटक अंगहरू : दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको क्षेत्रमा गरेको विकास तथा योगदानका विषयहरूमा गहिरो अध्ययन गर्न जरुरी रहेको कुरा बताउँदै महासचिव किरणले राजनीतिक अर्थशास्त्रको क्षेत्रका गरेको विश्लेषण र योगदानलाई अझ गहिरो गरी अध्ययन गर्न आवश्यक रहेको विचार व्यक्त गर्नुभयो ।

नयाँ र मौलिकताको नाममा दक्षिणपन्थी तथा वामपन्थी अवसरवादीहरूले मार्क्स, लेनिन र माओले गरेको विश्लेषण नै पछाडि परेको विश्लेषण गर्न थालेको टिप्पणी गर्दै महासचिव किरणले अहिले पनि विश्व परिस्थिति लेनिनले विश्लेषण गरेकै अवस्थामा रहेको भन्दै महासचिव किरणले लेनिनले भनेझै अहिलेको युग पनि साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग हो भन्नुभयो ।

साम्राज्यवादको चरित्र अहिले पनि लेनिनले भने झै वित्तीय पुँजीवाद तथा एकाधिकार पुँजीवाद रहेको भन्दै महासचिव किरणले उत्पादन शक्ति र उत्पादन सम्बन्धका दृष्टिले हेर्दा प्रविधि मुख्य नभएर श्रमशक्ति नै मुख्य रहेको विश्लेषण गर्नुभयो ।

उहाँले भन्नुभयो, "श्रमशक्तिलाई गौण र प्रविधिलाई मुख्य मान्नेहरू मार्क्सवादी हुन सक्दैनन् ।" प्रविधिले मानव श्रमलाई विस्थापित गरेको भएपनि विस्थापित श्रमशक्ति अर्थात् बेरोजगार मान्छेहरू लेनिनले भनेजस्तै सर्वहारावर्गीय क्रान्तिका रिजर्भ सेना हुन् भन्दै महासचिव किरणले 'मानव श्रमलाई भन्दा प्रविधिलाई प्रधान मान्ने दृष्टिकोण कम्युनिष्ट दृष्टिकोण होइन' भन्नुभयो ।

सच्चा मालेमावादी शक्तिहरूलाई जड्सुत्रवादी र परम्परावादी भन्दै होच्याउने र विचार तथा सिद्धान्तको प्रश्नलाई गौण ठान्ने प्रवृत्ति कम्युनिष्ट आन्दोलनमा हावी हुँदै गएको भन्दै महासचिव किरणले संशोधनवादी र अवसरवादीहरूले फैलाएको भ्रम र खडा गरेको चुनौतीको सामना गर्न सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूलाई एकताबद्ध पारेर लैजानुपर्ने आवश्यकता पनि औल्याउनु भयो ।

कम्युनिष्ट क्रान्तिकारीहरूले उत्तरआधुनिकतावाद, उत्तरमार्क्सवाद र नवमार्क्सवादको चिन्तनधारा र प्रवृत्तिलाई समेत राम्रोसँग बुझेर सच्चा कम्युनिष्ट क्रान्तिकारी धाराका विरुद्ध गरिएको हमलाको डटेर प्रतिवाद गर्नुपर्ने विचार राख्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै पार्टी स्थायी समिति सदस्य रामसिंह श्रीसले लेनिनले गैरमार्क्सवादीहरूको भण्डाफोर गर्न मुख्य जोड दिएको चर्चा गर्दै नयाँ ढंगको क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण गर्न लेनिनवादी संगठनात्मक सिद्धान्तलाई दह्रोसँग अँगाल्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रम पार्टी केस गुरुँसको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन केस सरुले गर्नुभएको थियो । कार्यक्रममा पार्टीका नेता कार्यकर्ताहरूको बाक्लो उपस्थिति थियो ।

## लेनिन...

**यस्तो छ वक्तव्यको पूर्णपाठ :**

'आज २२ अप्रिल अर्थात वैशाख ९ गते अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका एक महान नेता लेनिनको जन्म दिवसका साथै नेपाल कम्युनिस्ट पार्टीको स्थापना दिवस पनि हो । महान् लेनिनले रुसी धर्तीमा मार्क्सवादको प्रयोग र समाजवादी क्रान्ति सम्पन्न गर्नका लागि सफल नेतृत्व प्रदान गरी विश्वमा नयाँ सन्देश दिन र विश्व सर्वहारा वर्गको पथप्रदर्शक सिद्धान्तलाई मार्क्सवाद-लेनिनवादका रूपमा विकसित तुल्याउन उल्लेखनीय योगदान गर्नु भएको थियो । ठीक लेनिनको जन्मदिवसकै दिन २००६ सालमा क.पुष्पलालको नेतृत्वमा नेपालमा कम्युनिस्ट पार्टीको स्थापना भएको थियो ।

हाम्रो पार्टी आजको ऐतिहासिक दिनमा महान् लेनिनको विशेष संस्मरण तथा सम्मान गर्दछ । साथै पार्टी स्थापना दिवसको विशेष संस्मरण गर्दै नेपाली क्रान्तिकारी कम्युनिस्ट आन्दोलन, जनवादी क्रान्ति, जनयुद्ध र जनआन्दोलनमा त्याग, वीरता र बलिदान गर्ने सम्पूर्ण जनसमुदाय र कमरेडहरूप्रति हार्दिक अभिवादन ब्यक्त गर्दछ ।

साथै, यस ऐतिहासिक अवसरमा हाम्रो पार्टी नेपाली कम्युनिष्ट आन्दोलनमा विद्यमान दक्षिणपन्थी संशोधनवादको विरोध गर्दै क्रान्तिकारी कम्युनिस्ट समूह तथा व्यक्तित्वहरूलाई एकताबद्ध भई दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्ग सहित साम्राज्यवादी तथा विस्तारवादी उत्पीडनका विरुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्न विशेष अपील गर्दछ ।'

## क्रान्तिकारी...


*बनेका श्रमिक विरोधी कानुनको विरोध गरौँ ! तलव वृद्धि, रोजगारीको सुनिश्चितता लगायत मौलिक हकका लागि संघर्ष गरौँ !!'*

अन्तर्राष्ट्रिय श्रमिक वर्गको संघर्षशील परम्पराको निरन्तरताको रूपमा १२९ औं मई दिवस यस वर्ष पनि विभिन्न कार्यक्रमका साथ मनाउन गइरहेका छौं । सन् १८८४-८६ सम्म चलेको अमेरिकी श्रमिक वर्गको बलिदानीपूर्ण संघर्षको स्मरण तथा विजयको प्रतीक मई आन्दोलन सन् १८८९ मा बसेको कम्युनिष्ट अन्तर्राष्ट्रियको बैठकद्वारा विश्वव्यापी रूपमा मनाउने ऐतिहासिक निर्णय पश्चात् संसारभरका श्रमिकवर्गले यस दिनलाई संघर्ष, बलिदान र विजयको इतिहासको स्मरण तथा पुँजीपति वर्गको शेषण, दमनका विरुद्ध संघर्ष र प्रतिरोधद्वारा श्रमिक वर्गले मुक्तिको बाटो पहिल्याउने अठोटका रूपमा मनाउनु अझ महत्वपूर्ण र गम्भीर मूल्य रहेको कुरा सर्वस्वीकार्य हुँदै गाएको छ ।

कथित औद्योगिकमैत्री राज्य प्रशासन, औद्योगिकमैत्री श्रम नीति, औद्योगिकमैत्री कानुन, औद्योगिकमैत्री ट्रेड यूनियन लगायत नारा लिएर विश्व पुँजीवादी एकाधिकारले आज विश्वव्यापी लुट, प्राकृतिक श्रोतको दोहन तथा सस्तो श्रम कब्जा गरिरहेको छ भने अर्कोतिर संसारभरिका श्रमिकहरू अभाव, गरिबी बेरोजगारी जस्ता समस्याहरूको चक्रब्यूहमा फसिरहेका छन् । श्रमको खोजीमा विश्वव्यापी भौतारिदै हिड्नु कमजोर र गरिब राष्ट्रका श्रमिकहरूको नियती जस्तो बन्न पुगेको छ । नेपालजस्तो कम जनसंख्या भएको मुलुकको झण्डै २५५ उर्वर श्रम शक्ति वैदेशिक रोजगारको खोजीमा भौतारिनु यसको ठोस दृष्टान्त हो ।

नेपाली श्रमिकहरूले रोजगारीको सुनिश्चितता, न्यायोचित पारिश्रमिक, संगठित हुने हक, सौदाबाजीको हक आदि मुद्दाहरू उठाउँदै लामो समयदेखि संघर्षहरू उठाउँदै आइरहेका छन् तथापि ती श्रमिकमैत्री जायज मागहरू सम्बोधन हुन सकिरहेका छैनन्, बरु कथित औद्योगिकमैत्री श्रम कानुनका नाममा अस्थायी, करार र ज्यालादारीका रूपमा श्रमिकहरूलाई काममा लगाउने, 'हायर एण्ड फायर'का नाममा कुनै पनि बेला रोजगारीबाट हात धुनु पर्ने, 'नो वर्क नो पे'का नाममा जायज माग राख्ने र संघर्ष गर्ने सबै मौलिक हकहरू समाप्त पार्ने काम गरिएको छ । वर्षौदेखि तलव तथा ज्याला वृद्धि गरिएको छैन । फलतस् स्वदेशमा श्रम गरेर जीविकोपार्जनको वातावरण समेत कष्टकर बन्दै गइरहेको छ ।

अतः श्रमिक वर्गले न्यूनतम सरकारी सहायक सरह रु. १८,०००।- (अठार हजार) तलव, स्थायीको सुनिश्चितता, संगठित र सौदाबाजीको हक लगायतका आधारभूत अधिकारकाका साथै विद्यमान विभेदकारी राजनैतिक व्यवस्थाको विकल्पमा राष्ट्रिय स्वाधीनतासहितको जनवादी राजनैतिक व्यवस्था स्थापना गर्ने राजनैतिक लक्ष्यसहित क्रान्तिकारी मजदुर आन्दोलनको विकास गर्न जरुरी भएको छ । त्यसै उद्देश्यका साथ हामी एकतावद्ध हुँदै अगाडि बढ्न यस मई दिवस प्रेरणादायी होस् भन्ने शुभकामनासहित क्रान्तिकारी अभिवादन !






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।